आ.व. २०८१/८२

# वार्षिक प्रगति प्रतिवेदन

## Annual Progress Report 2081/82

२०८२ चैत

अङ्क १




## सुदूरपश्चिम विश्वविद्यालय

# कैलाली बहुमुखी क्याम्पस

(स्थापना: वि.सं. २०३७)

धनगढी, कैलाली

फोन नं.:०९१-५२१२२३, फ्याक्स नं.:०९१-५२६२९३, पोष्ट बक्स नं.:११

Website:www.kailali.fwu.edu.np; www.kailalicampus.edu.np

Email: kailali@fwu.edu.np; kmckailali@gmail.com

# वार्षिक प्रगति प्रतिवेदन

## *Annual Progress Report*

आ.व. २०८१/०८२

सुदूरपश्चिम विश्वविद्यालय

**कैलाली बहुमुखी क्याम्पस**

(स्थापना: वि.सं. २०३७)

धनगढी, कैलाली

**फोन नं.**: ०९१-५२६२९३ **फ्याक्स नं.**: ०९१-५२१२२३ **पोष्ट बक्स नं.**: ११

Website: www.kailali.fwu.edu.np

Email: kailali@fwu.edu.np; kmckailali@gmail.com

# वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

**संयोजक**

**मोहन सिंह साउद, *पिएचडी***

**सहप्राध्यापक**

**सदस्य सचिव**

**वासुदेव विष्ट, *पिएचडी***

**शिक्षण सहायक**

**सदस्य**

**तिर्थ बहादुर रावल**

**लेखा सहायक**

कम्प्युटर सेटिङ्ग

तेजेन्द्र बहादुर शाहु

सहायक (प्रशासन)

## कार्यकारी सारांश (Executive Summary)

सामुदायिक शैक्षिक संस्थाको रूपमा वि.सं. २०३७ सालमा स्थापित कैलाली बहुमुखी क्याम्पसले शैक्षिक उन्नयनमा विविध उपलब्धि र चुनौतीहरूका साथ आफ्नो स्थापनाको ४४ औं वर्षमा प्रवेश गरेको छ । वि.सं. २०३७ साल माघ १९ गते स्थापना भई वाणिज्य सङ्कायको पठनपाठनबाट सञ्चालनमा आएको यस क्याम्पसमा हाल स्नातक तहको व्यवस्थापन संकायमा BBA, BHM, BBS मानविकी तथा सामाजिकशास्त्र संकायमा BA/BSW शिक्षाशास्त्र संकायमा B.Ed. र B.Ed. CSIT, विज्ञान तथा प्रविधि संकायमा B.Sc., B.Sc. CSIT र कानुन संकायमा BA LLB कार्यक्रमहरुमा पठनपाठन भईरहेको छ भने स्नातकोत्तर तहको व्यवस्थापन संकायमा MBA र MBS मानविकी तथा सामाजिकशास्त्र संकायमा MA र शिक्षाशास्त्र संकायमा M.Ed. कार्यक्रमहरूको पठनपाठन हुँदै आएको छ । तत्कालीन अवस्थामा समुदायमा आधारित यस क्याम्पसले वि.सं. २०६९ सालमा पहिलो पटक र वि.सं. २०७४ सालमा दोश्रो पटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation [QAA]) प्रमाणपत्र प्राप्त गरेको र हाल तेस्रो चरणको लागि QAA प्रकियामा रहेको छ । कैलाली बहुमुखी क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालयको बिचमा २०७७ माघ ३ गते सम्पन्न सम्झौता अनुरूप हाल कैलाली बहुमुखी क्याम्पस सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा समायोजन भई सञ्चालनमा रहेको छ ।

कैलाली बहुमुखी क्याम्पसका विभिन्न कार्यक्रमहरूमा पाँच वर्षमा भर्ना भएका विद्यार्थीहरूको तथ्याङ्कलाई दृष्टिगत गर्दा शैक्षिक सत्र २०२०/२१ मा कूल विद्यार्थी संख्या ६,३२४ जना, शैक्षिक सत्र २०२१/२२ मा कूल विद्यार्थी संख्या ७,७३९ जना, शैक्षिक सत्र २०२२/२३ मा कूल विद्यार्थी संख्या ६,७८१ जना, शैक्षिक सत्र २०२३/२४ मा कूल विद्यार्थी संख्या ५,६३९ जना र शैक्षिक सत्र २०२४/२५ मा कूल विद्यार्थी संख्या ५,५९९ रहेका छन् । यस प्रतिवेदनको पाँच वर्षको तथ्याङ्कमा विद्यार्थी भर्ना संख्या क्रमशः घट्दो रूपमा देखिन्छ ।

क्याम्पसका विभिन्न कार्यक्रमहरूको उत्तीर्ण संख्या विश्लेषण गर्दा शैक्षिक सत्र २०१९/२० मा स्नातक र स्नातकोत्तर तह गरी कूल ६२० जना विद्यार्थी उत्तीर्ण गरेको देखिन्छ, शैक्षिक सत्र २०२०/२१ मा स्नातक र स्नातकोत्तर तह गरी कूल ५९६ जना विद्यार्थी उत्तीर्ण गरेको देखिन्छ, शैक्षिक सत्र २०२१/२२ मा स्नातक र स्नातकोत्तर तह गरी जम्मा ५५५ जना विद्यार्थीहरूले उत्तीर्ण गरेको, शैक्षिक सत्र २०२२/२३ मा स्नातक र स्नातकोत्तर तह गरी जम्मा ५७० जना र शैक्षिक सत्र २०२३/२४ मा स्नातक र स्नातकोत्तर तह गरी जम्मा ३०४ जना विद्यार्थीहरूले उत्तीर्ण गरी शैक्षिक उपाधी हासिल गरेको पाइएको छ । कैलाली बहुमुखी क्याम्पसको पुस्तकालय समग्र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रकै सबैभन्दा ठूलो पुस्तकालय हो । यसमा जम्मा ५९,९८७ ओटा भन्दा बढी पुस्तकहरू रहेका छन् ।

कैलाली बहुमुखी क्याम्पस देशकै अग्रणी शैक्षिक संस्थाको रूपमा विकसित भइरहेको भए तापनि भौतिक पूर्वाधार तथा उपकरणहरूको अपर्याप्तता, प्राविधिक बिषय सञ्चालन गर्न नीतिगत समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या, उच्च शिक्षक विद्यार्थी अनुपात, विद्यार्थी उत्तीर्ण दरमा उल्लेख्य सुधार हुन नसकेका समस्या तथा चुनौतीहरू विद्यमान रहेका छन् । विद्यमान समस्याहरू समाधान गर्न कैलाली बहुमुखी क्याम्पसको ५ बर्षे रणनीतिक विकास योजनाको समीक्षा गर्ने र आगामी ५ वर्षका लागि रणनीतिक विकास योजना (सन् २०२२/२३–२०२७/२८) तर्जुमा गरिने छ । विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली समेतलाई मध्यनजरमा राखी कैलाली बहुमुखी क्याम्पसका शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक र प्रशासकीय गतिविधिहरूको गुणस्तर अभिबृद्धिका लागि क्याम्पसमा आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यहरू गर्न आन्तरिक गुणस्तर सुनिश्चितता समितिलाई अझै क्रियाशील बनाइने छ ।

# विषय सूची (Contents)


१. पृष्ठभूमि (Background) १

२. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress) २

२.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis) २

२.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis) ५

२.३ स्नातक दर प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis) १०

२.४ शैक्षिक कार्यक्रमहरू (Academic Programmes) १२

२.५ शैक्षणिक विधिहरू (Educational Pedagogy) १३

३. भौतिक प्रगति (Physical Progress) १३

३.१ पूर्वाधार विकास (Infrastructural Development) १३

३.२ शैक्षिक सहयोग र उपकरणहरू (Educational Aids and Equipments) १३

३.३ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरू (Books/Journals and Reference Materials) १४

३.४ फर्निचर (Furniture) १४

४. वित्तीय प्रगति (Financial Progress) १४

४.१ वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources and Income) १५

४.१.१ स्वआर्जित आय (Self Generated Income/Resources) १५

४.१.२ सरकारी स्रोतबाट अनुदान (Grants from Government Sources) १५

४.२ खर्च बिश्लेषण (Analysis of Expenditure) १६

४.२.१ चालु खर्चहरू (Recurrent Expenses) १६

४.२.२ पूँजीगत खर्च (Capital Expenditure) १६

४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनीकरणका प्रयासहरू १६

५. सामाजिक प्रगति (Social Progress) १७

६. समस्या तथा चुनौतीहरू (Issues and Challenges) १८

६.१ समस्या तथा चुनौतीहरू (Issues and Challenges) १८

६.२ समस्या तथा चुनौतीहरू न्यूनीकरणका उपायहरू १८

६.४ वार्षिक कार्ययोजना तथा बजेट (Annual Work Plan and Budget) २०

Appendices २१

## १. पृष्ठभूमि (Background)

कैलाली बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०३७ साल माघ १९ गते भएको हो । यस क्षेत्रकै अग्रणी क्याम्पसका रूपमा यसको स्थान रहदै आएको छ । यस क्षेत्रमा डोटी क्याम्पस र सिद्धनाथ विज्ञान क्याम्पस मात्रै सञ्चालनमा भइरहेको अवस्थामा भौगोलिक परिवेशले केन्द्रविन्दु रहेको कैलालीमा उच्च शिक्षाको महसुस गरियो र तत्पश्चात् वि.सं.२०३० सालमा क्याम्पसका निम्ति जनसहभागिता जुर्मुरियो । तत्कालीन अञ्चलाधीश रत्न बहादुर गुरूङ्गकै पहलमा क्याम्पसका लागि जग्गा र बुद्धिजीवीहरूको सल्लाहमा धनगढी स्थित वडा नं. ७ र ८ मा रहेको स्थानलाई उपयुक्त ठानी २७ बिगाहा जमिन र सो भित्रको सालको रूखसमेत प्रयोगमा ल्याई क्याम्पस सञ्चालन गर्ने निर्णय गरियो ।

वाणिज्य विषयबाट पढाइ सुरू गर्ने भन्ने कुरा भए अनुरूप कैलाली वाणिज्य क्याम्पस नाम राखियो र २०३७ साल माघ १९ गतेदेखि त्रि.वि.बाट स्वीकृति प्राप्त गरी वाणिज्य सङ्कायको पढाइ सुरु गरियो । त्यसपछि वि.सं.२०३९ सालदेखि मानविकी सङ्कायको पढाइ सुरु गरियो । वि.सं. २०५७ सालमा एम.वि.एस., २०५७ मा बी.एड्., २०६४ मा एम.एड., २०६७ सालमा स्नातकोत्तर तह, २०७३ सालमा एम.बी.ए.-ई., २०६० सालदेखि एकवर्षे बी.एड. र हाल सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सामायोजन भएपछि बी.बी.ए., बी.ए.एल.एल.बी., एम.बी.ए., बीएस्सी-सीएसआइटी, बीएड-सीएसआइटी, वनविज्ञान र बीएचएम आदि कार्यक्रमहरू थप भई सञ्चालन भइरहेका छन् ।

कैलाली जिल्लामा शिक्षाको चेतना नभएको अवस्थामा वि.सं. २०३१ सालमा यस क्षेत्रमा क्याम्पस हुनुपर्छ भनेर जमर्को गरियो तर तत्कालीन परिस्थितिमा त्रि.वि.बाट निजी क्षेत्रलाई क्याम्पस सञ्चालनका लागि अनुमति दिने नियम नभएकाले त्यो शैक्षिक प्रयास अघि बढ्न सकेन । कैलाली जिल्ला भौगोलिक दृष्टिले पनि सुदूरपश्चिमकै केन्द्रबिन्दु रहेको, अन्नको भण्डार, भूगोलले मध्यविन्दु र महाकाली तथा कर्णालीका बीचमा रहनुले पहाडी जिल्लाको बसाइसराई तीव्र रूपले बढ्दै गयो । जनस्तरमा शैक्षिक जनलहर उत्साहप्रद रूपमा देखापर्‍यो । बुद्धिजीवी, समाजसेवी, स्थानीय प्रशासन सबैको प्रयासबाट सामुदायिक क्याम्पस खोल्ने अभियान आरम्भ भयो । क्याम्पसका निम्ति जमिनको आवश्यकता पर्ने हुनाले तत्कालीन अञ्चलाधीश रत्न बहादुर गुरूङले क्याम्पस सञ्चालन गर्न निकै अभिरूचि देखाउनु भएको थियो । क्याम्पस कुन ठाउँमा उपयुक्त हुन्छ ? र सबै मानिसका लागि सुबिधायुक्त ठाउँ खोज्ने विषयमा सुझाव सङ्कलन गरियो । विभिन्न विद्वान, समाजसेवी, व्यापारी, बुद्धिजीवीहरूका उपयुक्त सुझावहरूलाई ध्यानमा राखी धनगढी स्थित वडा नं. ७ र ८ मा पर्ने हाल सञ्चालनमा भएको जमिन जहाँ घना जङ्गल पनि थियो । त्यस ठाउँलाई नै सबैभन्दा उपयुक्त ठानी अञ्चलाधीशद्वारा निरीक्षण गराई अञ्चलाधीशले सो जग्गालाई उचित ठानेपछि सबैले सोही जग्गालाई चयन गरे । प्राकृतिक वातावरणले सुन्दर २७ बिगाहा क्षेत्रफलमा फैलिएको भविष्यमा विश्वविद्यालय हुनसक्ने र सो तहको शिक्षण संस्था खोल्न सकिने मनोरम एकान्त ठाउँ थियो । त्यसबेला अञ्चलाधीश त्यस क्षेत्रका सर्वेसर्वा अधिकार सम्पन्न हुन्थे । राजाको शासन कालमा कुनै पनि काम गर्न अञ्चलाधीशको सल्लाह लिइन्थ्यो । राजाको विश्वासपात्रलाई अञ्चलाधीश बनाइन्थ्यो । विकास निर्माणका हरेक क्षेत्रमा अञ्चलाधीहरूको भूमिका नै अग्रणी हुन्थ्यो ।

तत्कालीन अञ्चलाधीशले क्याम्पस सञ्चालन गर्ने जिम्मेवारी आफूले लिई तत्कालीन राजा बीरेन्द्र समक्ष निवेदन जाहेर गरी राजाबाट हुकुमप्रमाङ्ग भई मन्त्रीमण्डलबाट निर्णय हुँदा जङ्गलसहित सो जग्गा क्याम्पसका नाममा दर्ता भयो । क्याम्पसका नाममा जग्गा दर्ता भएपछि समाजसेवीहरूका काँधमा अर्को जिम्मेवारी थपियो । अब क्याम्पसमा कुन बिषयको पढाइ गर्ने भन्ने बहस चल्यो । यसका सम्बन्धमा चारैतिरबाट प्रवुद्ध वर्गका गहकिला सुझाव आए । तीव्र छलफल अघि बढ्यो । यसै सिलसिलामा सञ्चालक समितिको गठन आवश्यक ठहर्‍याई सबैको विचार अनुसार तत्कालीन सेती अञ्चलाधीश श्री रत्नबहादुर गुरूङकै अध्यक्षतामा विभिन्न क्षेत्रसँग सम्बन्धित जोसिला र उच्च सोच भएका व्यक्ति समेटी सञ्चालक समिति गठन गरियो । सञ्चालक समितिमा अध्यक्ष श्री रत्न बहादुर गुरूङ्ग, कोषाध्यक्ष डा. शिवदत्त जोशी, सदस्यहरूमा श्री लोकेन्द्र बहादुर शाह, श्री टेक बहादुर चोखाल, श्री डिल्लीराज जोशी, श्री खगराज पन्त र श्री श्यामसुन्दर श्रेष्ठलाई समितिमा राखियो । त्यसबेलाका स्थानीय निकायमा नगरपञ्चायत, जिल्ला पञ्चायत, उद्योग वाणिज्य संघ, शिक्षा कार्यालयका प्रतिनिधि पदेन सदस्य हुने गरी समितिको गठन गरियो । यो समितिले उच्च विचारका साथ आफ्नो कार्यलाई सुचारू गर्‍यो । सबैको सुझाव अनुसार क्याम्पसको नाम कैलाली वाणिज्य क्याम्पस राखियो जुन हाल कैलाली बहुमुखी क्याम्पसका नामले सुपरिचित छ ।

क्याम्पसमा सर्वप्रथम वाणिज्य सङ्काय सञ्चालन गर्ने निर्णय गरियो । क्याम्पसको स्वीकृति र क्याम्पस प्रमुखको खोजी कार्यका लागि तत्कालीन धनगढी नगरपञ्चायतका प्रधानपञ्च यज्ञराज पन्तको नेतृत्वमा एक प्रतिनिधि मण्डल काठमाडौं प्रस्थान गर्‍यो । सो प्रतिनिधि मण्डलले स्वीकृतिको प्रक्रियालाई अघि बढाउनुका साथै प्राध्यापक श्री चन्द्रधर उप्रेतीसँग भेट गरी क्याम्पस प्रमुखको भूमिका निर्वाह गरी सो क्षेत्रको शिक्षा विकासमा महत्त्वपूर्ण कार्य गर्न अनुरोध गर्‍यो । श्री चन्द्रधर उप्रेतीले स्वीकार गर्नुभयो । क्याम्पसको पढाइ पञ्चोदय माध्यमिक विद्यालयबाट सुरू भयो । आफ्नै जमिनमा भवन निर्माण गरी पढाइ सुचारू गर्नु उपयुक्त ठानी २७ बिगाहा जमिन रहेको ठाउँमा भवन निर्माणको खोजी भयो । यसका लागि आर्थिक सहयोगीको खोजी गरियो भने अर्कोतिर सो जग्गामा रहेका सालका रूखहरूलाई कटान गरी त्यसको बिक्री वितरणबाट केही आर्थिक रकम सङ्कलन गरियो । त्यस रकमले क्याम्पस सञ्चालन गर्न ठूलो मद्दत पुर्‍यायो ।

यसरी वि.सं. २०३७ साल माघ १९ गते कैलाली वाणिज्य क्याम्पस स्थापना भई वाणिज्य सङ्कायको पढाइ शुभारम्भ भयो। क्याम्पसको स्थापना भएपछि यसको निरन्तर विकासका लागि अनेकौं चुनौतीहरू देखा परे र कैलाली बहुमुखी क्याम्पसले ती चुनौतीहरूको सामना गर्दै गयो। वाणिज्य सङ्कायबाट अघि बढ्ने क्रममा वि.सं. २०३९ सालदेखि मानविकी सङ्कायको पढाइ सुरु भयो। वि.सं. २०५७ सालमा एम.बी.एस. तहको पढाइ सुरु भयो। बि.सं. २०६४ सालमा शिक्षा सङ्कायमा एम.एड.का कक्षा सञ्चालन भए। २०६७ सालमा स्नातकोत्तर तह मानविकी सङ्कायका कक्षाहरू सञ्चालन गरियो। २०७३ सालमा एम.बी.ए.को पढाइ सञ्चालन गरियो। वि.सं. २०५९ सालदेखि बी.एड.का कक्षा सञ्चालन हुन पुगे। वि.सं. २०६० सालदेखि एक बर्षे बी.एड. को कक्षा सञ्चालन भयो। वि.सं. २०७० सालमा बी.बी.एम. र २०७१ सालमा विज्ञानतर्फ बी.एस्सी. कक्षा सञ्चालनमा आएका छन् भने स्नातकोत्तर शिक्षा तर्फ एम.एड. र मानविकी तर्फ एम.ए. का कक्षाहरू सञ्चालन हुँदै आएका छन्। हाल सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रूपमा सामायोजन भएपछि बी.बी.ए., बी.ए.एल.एल.बी., एम.बी.ए., बीएस्सी–सीएसआइटी, बीएड–सीएसआइटी, वन विज्ञान र बीएचएम आदि कार्यक्रमहरू थप भई सञ्चालन भइरहेका छन्।

तत्कालिन समुदायमा आधारित कैलाली बहुमुखी क्याम्पसले गुणस्तर सुनिश्चित्तता तथा प्रत्यायन (Quality Assurance and Accreditation-QAA) प्रमाण पत्र २ पटक प्राप्त गरी तेस्रो चरणको प्रकृयामा रहेको छ । क्याम्पसमा हाल ५ जना प्राध्यापक, २२ जना सहप्राध्यापक र २२ जना उपप्राध्यापक स्थायी, ८ जना उपप्राध्यापक (करार), ३२ जना शिक्षण सहायक पूर्णाकालीन करार र ९ जना आंशिक शिक्षक गरी जम्मा ९८ जना शिक्षकहरू कार्यरत रहेका छन्। कर्मचारी तर्फ उप प्रशासक १ जना सहायक प्रशासक २ जना, हेड असिस्टेन्ट १ जना, सहायक ४ जना, सहायक करार ५ जना, कार्यालय सहयोगी ८ जना, चौकीदार २, टेक्निकल स्टाफ ३ जना र सुरक्षा गार्ड ४ जना गरी जम्मा ३० जना रहेका छन्। यस क्याम्पसमा पुरस्कार छात्रवृत्तिका लागि अक्षयकोष स्थापना गरिएका छन्। ती अक्षयकोषको रकमबाट हुन आउने ब्याजबाट विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरिन्छ। क्याम्पसका ८ ओटा विशाल भवनहरू, चमेनागृह, स्ववीयु भवन, पावर हाउस, कटेज आदि गरी १५ ओटा भवनहरू रहेको छ। हाल यो क्याम्पस सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस भइसकेको छ।

## २. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress)

कैलाली बहुमुखी क्याम्पसको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ।

### २.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis)

कैलाली बहुमुखी क्याम्पसमा विभिन्न शैक्षिक सत्रमा भर्ना भएका कूल विद्यार्थी भर्ना संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**Table 1: Enrollment Trend Analysis (Programme Wise / Level Wise): From 2020/21 to 2024/25**

| Level | Programme | 2020/21 | 2021/22 | 2022/23 | 2023/24 | 2024/25 |
|---|---|---|---|---|---|---|
| Bachelor | BBS | 2559 | 3055 | 2450 | 1571 | 1542 |
| | BA | 1553 | 2080 | 1711 | 977 | 905 |
| | BA LLB | 44 | 88 | 138 | 238 | 232 |
| | B.Ed. | 1004 | 1259 | 1203 | 1208 | 1225 |
| | B.Ed.-CSIT | 26 | 58 | 80 | 73 | 71 |
| | B.Sc. | 192 | 224 | 190 | 216 | 205 |
| | B.Sc.-CSIT | 47 | 90 | 137 | 200 | 200 |
| | BBM | 197 | 197 | 137 | 78 | - |
| | BHM | - | - | - | 20 | 18 |
| | BBA | 136 | 216 | 293 | 378 | 380 |
| | P.B.Ed. | - | - | - | 111 | 110 |
| | B.Sc. Forestry | - | - | - | 73 | 73 |
| | BCA | - | - | - | - | - |
| | BIT | - | - | - | - | - |
| | **Sub Total (A)** | **5758** | **7267** | **6339** | **5143** | **4966** |
| Master | MBS | 253 | 236 | 131 | 128 | 146 |
| | M.Ed. | 114 | 73 | 65 | 119 | 143 |
| | MA | 189 | 141 | 222 | 221 | 317 |
| | MBA/MBA-E | 10 | 22 | 24 | 28 | 32 |
| | **Sub Total (B)** | **566** | **472** | **442** | **496** | **638** |
| **Grand Total** | **(A + B)** | **6324** | **7739** | **6781** | **5639** | **5599** |

*Source: Administrative Record of KMC*




कैलाली बहुमुखी क्याम्पसको कूल विद्यार्थी भर्ना संख्यालाई दृष्टिगत गर्दा विभिन्न कार्यक्रम अनुसार विद्यार्थी भर्नादरमा भिन्नता रहेको देखिन्छ। माथि तालिका नं. १ मा ५ ओटा शैक्षिक सत्रको विद्यार्थी भर्ना दरको संख्या क्रमशः हेर्दा ६,३२४ जना, ७७३९ जना, ६७८१ जना, ५,६३९ र ५,५९९ जना विद्यार्थी संख्या देखिएको छ। यहाँ क्रमशः ३ ओटा शैक्षिक सत्रमा लगतार घटेको र शैक्षिक सत्र २०२३/२४ विद्यार्थी संख्या बढेको देखिन्छ। शैक्षिक सत्र २०२१/२२ मा सबैभन्दा बढी ७७३९ विद्यार्थी संख्या देखिएको छ। जहाँ उक्त शैक्षिक सत्रमा विद्यार्थी भर्ना बढ्नुको कारण शैक्षिक सत्र २०२०/२१ मा क्याम्पस सुदूरपश्चिम विश्वद्यालयको आंगिक क्याम्पस भई सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत विद्यार्थीहरूको भर्ना भएको र यहाँ भर्नादरलाई विश्लेषण गर्दा क्रमशः निरन्तर क्रममा बढ्दो नै रहेको देखिएको छ।




माथिको स्तम्भ चित्रमा शैक्षिक सत्र २०२३/२४ को विद्यार्थी भर्नालाई देखाइएको छ। जसमा स्तातक तह तर्फ विद्यार्थीको भर्ना उच्च र स्नातकोत्तर तहमा विद्यार्थी संख्या न्यून नै देखिन्छ। विगतका शैक्षिक सत्रहरूमा पनि विद्यार्थी भर्नाको दर तहगत रूपमा फरक नै देखिएको पाइन्छ। शैक्षिक सत्र २०२२/२३ मा विद्यार्थी भर्नाको संख्यालाई कार्यक्रम अनुसार BBS-१५४२, BA-९०५, BA LLB-२३२, B.Ed.-१२२५, B.Ed.-CSIT-७१, B.Sc.-२०५, B.Sc.-CSIT-२००, BBM-७८, BBA-३८०, P.B.Ed.-११०, B.Sc. Forestry-७३ गरी स्नातक तह तर्फ ४९६६ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने स्नातकोत्तर तह तर्फ MBS-१४६, M.Ed.-१४३, MA-३१७, MBA/MBA-E-३२ गरी ६३८ जना विद्यार्थी भर्ना भएकोमा उक्त शैक्षिक सत्रमा जम्मा ५५९९जना विद्यार्थी भर्ना भई अध्ययन गरेको देखिन्छ।

लैङ्गिक दृष्टिकोणले कैलाली बहुमुखी क्याम्पसमा भर्ना भएका कूल विद्यार्थीहरूमा छात्रा र छात्रको अनुपातलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**Table 2: Gender-wise Enrollment Trend Analysis of Students (From 2020/21 to 2024/25)**

| Programme | 2020/21 | | | 2021/22 | | | 2022/23 | | | 2023/24 | | | 2024/25 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| BBS | 1245 | 1314 | 2559 | 1453 | 1602 | 3055 | 1055 | 1395 | 2450 | 619 | 952 | 1571 | 607 | 935 | 1542 |
| BA | 491 | 1062 | 1553 | 629 | 1451 | 2080 | 432 | 1279 | 1711 | 237 | 740 | 977 | 227 | 678 | 905 |
| BA LLB | 28 | 16 | 44 | 49 | 39 | 88 | 69 | 69 | 138 | 114 | 124 | 238 | 104 | 128 | 232 |
| B.Ed. | 335 | 669 | 1004 | 423 | 836 | 1259 | 324 | 879 | 1203 | 271 | 937 | 1208 | 270 | 955 | 1225 |
| B.Ed.-CSIT | 9 | 17 | 26 | 20 | 38 | 58 | 33 | 47 | 80 | 36 | 37 | 73 | 33 | 38 | 71 |
| B.Sc. | 136 | 56 | 192 | 159 | 65 | 224 | 137 | 53 | 190 | 127 | 89 | 216 | 134 | 71 | 205 |
| B.Sc.-CSIT | 38 | 9 | 47 | 72 | 18 | 90 | 110 | 27 | 137 | 145 | 55 | 200 | 145 | 55 | 200 |
| BBM | 100 | 97 | 197 | 100 | 97 | 197 | 68 | 69 | 137 | 31 | 47 | 78 | - | - | |
| BBA | 66 | 70 | 136 | 108 | 108 | 216 | 149 | 144 | 293 | 177 | 201 | 378 | 177 | 203 | 380 |
| BHM | - | - | - | - | - | - | - | - | - | 14 | 6 | 20 | 13 | 5 | 18 |
| B.Sc. Forestry | - | - | - | - | - | - | - | - | - | 40 | 33 | 73 | 33 | 40 | 73 |
| One Year B.Ed./ P.B.Ed. | - | - | - | - | - | - | - | - | - | 39 | 72 | 111 | 71 | 39 | 110 |
| MBS | 161 | 92 | 253 | 89 | 147 | 236 | 59 | 72 | 131 | 52 | 76 | 128 | 56 | 90 | 146 |
| M.Ed. | 31 | 83 | 114 | 18 | 55 | 73 | 18 | 47 | 65 | 13 | 106 | 119 | 17 | 126 | 143 |
| MA | 75 | 114 | 189 | 59 | 82 | 141 | 126 | 96 | 222 | 119 | 102 | 221 | 174 | 143 | 317 |
| MBA | 3 | 7 | 10 | 13 | 9 | 22 | 13 | 11 | 24 | 13 | 15 | 28 | 13 | 19 | 32 |
| **Total** | **2,718** | **3,606** | **6,324** | **3,192** | **4,547** | **7,739** | **2593** | **4188** | **6781** | **2047** | **3592** | **5639** | **2074** | **3525** | **5599** |
| **Ratio** | **42.98** | **57.02** | **100** | **41.25** | **58.75** | **100** | **38.24** | **61.76** | **100** | **36.30** | **63.70** | **100** | **37.04** | **62.96** | **100** |

*Source: Administrative Record of KMC*

माथिको तथ्याङ्कमा लैङ्गिक दृष्टिकोणबाट दृष्टिगत गर्दा हरेक वर्षमा लिङ्गअनुसार भर्ना दर छात्रको भन्दा छात्राहरूको नै बढ्न गएको देखिन्छ । तालिका नं. २ मा शैक्षिक सत्र २०१९/२० को छात्र भन्दा छात्राको अनुपात ७.८ अङ्कले बढी देखिन्छ, शैक्षिक सत्र २०२०/२१ को छात्र भन्दा छात्राको अनुपात १४.०४ अङ्कले बढी देखिन्छ, शैक्षिक सत्र २०२१/२२ को छात्र भन्दा छात्राको अनुपात १७ अङ्कले बढी देखिन्छ, शैक्षिक सत्र २०२२/२३ को छात्र भन्दा छात्राको अनुपात २३.५२ अङ्कले बढी देखिन्छ, शैक्षिक सत्र २०२३/२४ को छात्र भन्दा छात्राको अनुपात २७.४० अङ्कले बढी देखिन्छ । पाँच वर्षको तथ्याङ्कमा सबैभन्दा बढी शैक्षिक सत्र २०२३/२४ मा फरक देखिएको छ ।

Fig. 3: Gender-Wise Enrollment of Students 2020/21-2024/25




माथिको स्तम्भ चित्रमा छात्र र छात्राको चित्रलाई हेर्दा प्रत्येक वर्ष छात्र भन्दा छात्राको संख्या उच्च देखिन्छ । जसबाट नेपालमा अध्ययन गर्ने छात्र भन्दा छात्राको संख्या बढी रहेको भन्ने कुरालाई प्रमाणित गरिन्छ ।

तलको तालिकामा समावेशी प्रतिनिधित्वलाई दृष्टिगत गर्दा कैलाली बहुमुखी क्याम्पसमा भर्ना भएका कूल विद्यार्थीहरूमा छात्रा, आदिवासी जनजाति, दलित र मधेशी विद्यार्थीहरूको संख्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**Table 3: Enrollment Trend Analysis of Students (From 2020/21 to 2024/25)**
**(Disaggregation by Female and Educationally Disadvantaged Students)**

| Year | 2020/21 | 2021/22 | 2022/23 | 2023/24 | 2024/25 |
|---|---|---|---|---|---|
| Female | 3,606 | 4,551 | 4,188 | 3592 | 3525 |
| EDJ | 1,733 | 1,751 | 2,174 | 1785 | 1442 |
| Dalit | 283 | 317 | 348 | 125 | 318 |
| Madheshi | 25 | 33 | 30 | 5 | 27 |
| Total Female and Educationally Disadvantaged Students | 5,647 | 6,652 | 6,362 | 5597 | 5312 |
| Total Students | **6,324** | **7,739** | **6,781** | **5639** | **5599** |
| % of Female and Educationally Disadvantaged Students | 89.29 | 85.95 | 93.82 | 99.26 | 94.87 |

*Source: Administrative Record of KMC*

माथिको तालिकामा छात्रा, आदिवासी जनजाति, दलित र मधेशी विद्यार्थीहरूको संख्यालाई विश्लेषण गर्दा शैक्षिक सत्र २०२०/२१ मा ३,६०६ छात्रा, १,७३३ आदिवासी जनजाति, २८३ दलित र २५ जना मधेशी गरी जम्मा ५,६४७ सम्म पुगेको छ जुन कूल विद्यार्थीको ८९.२९ प्रतिशत छ । शैक्षिक सत्र २०२१/२२ मा ४,५५१ छात्रा, १,७५१ आदिवासी जनजाति, ३१७ दलित र ३३ जना मधेशी गरी जम्मा ६,६२५ सम्म पुगेको छ जुन कूल विद्यार्थीको ८५.९५ प्रतिशत छ। शैक्षिक सत्र २०२२/२३ मा ४,१८८ छात्रा, २,१७४ आदिवासी जनजाति, ३४८ दलित र ३० जना मधेशी गरी जम्मा ६,३६२ सम्म पुगेको छ। जुन कूल विद्यार्थीको ९३.८२ प्रतिशत छ। शैक्षिक सत्र २०२३/२४ मा ३५९२ छात्रा, १७८५ आदिवासी जनजाति, १२५ दलित र ५ जना मधेशी गरी जम्मा ५,६३९ सम्म पुगेको छ। शैक्षिक सत्र २०२४/२५ मा ५३१२ छात्रा, १४४२ आदिवासी जनजाति, ३१८ दलित र २७ जना मधेशी गरी जम्मा ५,५९९ जनासम्म पुगेको छ। जुन कूल विद्यार्थीको ९४.८७ प्रतिशत छ।

## २.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis)

विभिन्न वर्ष परीक्षामा सामेल भई उत्तीर्ण विद्यार्थीहरूको संख्या र उत्तीर्ण प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**Table 4: Pass Rate Trend Analysis of Regular Students**
**(Programme and Level-wise, Disaggregation by Female and Educationally Disadvantaged Students)**

| Year 2020/21 AD | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Program Name<br>a. Annual System: | TA | TP | Pass % | GIRLS | | EDJ* | | Madhesi | | Dalits |
| | | | | TA | TP | TA | TP | TA | TP | TA | TP |
| BBS-I | 803 | 62 | | 486 | 33 | 232 | 22 | 2 | | 22 | 4 |
| BBS-II | 588 | 199 | | 301 | 94 | 146 | 23 | 8 | 2 | 13 | 3 |
| BBS-III | 540 | 248 | | 282 | 122 | 130 | 34 | 5 | 1 | 14 | 3 |
| BBS-IV | 565 | 250 | | 301 | 127 | 96 | 41 | | | 10 | 2 |
| BA-I | 485 | 102 | | 228 | 54 | 183 | 42 | 2 | | 13 | 1 |
| BA-II | 407 | 170 | | 234 | 94 | 84 | 21 | | | 3 | 1 |
| BA-III | 278 | 152 | | 177 | 93 | 48 | 6 | 0 | 0 | 14 | 4 |
| B.Ed.-I | 346 | 30 | | 304 | 24 | 73 | 11 | 1 | 0 | 6 | 0 |
| B.Ed.-II | 186 | 31 | | 121 | 17 | 42 | 23 | 1 | 0 | 2 | 0 |
| B.Ed.-III | 143 | 33 | | 96 | 12 | 4 | 0 | 0 | 0 | 2 | 1 |
| B.Ed.-IV | 199 | 72 | | 157 | 52 | 15 | 6 | 0 | 0 | 2 | 2 |
| B.Sc.-I | 48 | 20 | | 31 | 8 | 11 | 5 | 0 | 0 | 1 | 1 |
| B.Sc.-II | 40 | 15 | | 6 | 4 | 15 | 6 | 0 | 0 | 2 | 2 |
| B.Sc.-III | 63 | 34 | | 24 | 13 | 11 | 5 | 0 | 0 | 1 | 1 |
| B.Sc.-IV | 62 | 42 | | 11 | 9 | 3 | 1 | 0 | 0 | 2 | 2 |
| 1 Yr. B.Ed. | 23 | 15 | | 9 | | 11 | | | | 2 | |
| **Total (a)** | **8260** | **2684** | **0** | **1856** | **447** | **1104** | **246** | **19** | **3** | **109** | **27** |

**b. Semester System:**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BBA-1st Sem | **88** | **68** | **77** | 25 | 13 | 8 | 4 | 0 | 0 | 1 | 0 |
| BBM-5th Sem | 62 | 53 | 85 | 22 | 11 | 10 | 3 | 0 | 0 | 1 | 1 |
| M.Ed..-1st Sem | 40 | 7 | 18 | 15 | 8 | 7 | 2 | 0 | 0 | 0 | 0 |
| M.Ed.-3rd Sem | 47 | 7 | 15 | 18 | 8 | 9 | 2 | 1 | 0 | 0 | 0 |
| **Total (b)** | **237** | **135** | **195** | **80** | **40** | **34** | **11** | **1** | **0** | **2** | **1** |
| **Grant total (a+b)** | **8260** | **2684** | **0** | **1856** | **447** | **1104** | **246** | **19** | **3** | **109** | **27** |

**Year 2021/22 AD**

| Program Name | TA | TP | Pass | GIRLS | | EDJ* | | Madhesi | | Dalits | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| a. Annual /Semester System: | | | % | TA | TP | TA | TP | TA | TP | TA | TP |
| BBS-II | 649 | 107 | 16.49 | 363 | 54 | 179 | 18 | 0 | 0 | 22 | 1 |
| BBS-III | 527 | 288 | 54.65 | 276 | 156 | 137 | 60 | 0 | 0 | 12 | 7 |
| BBS-IV | 500 | 296 | 59.20 | 259 | 150 | 119 | 60 | 4 | 3 | 8 | 2 |
| BA-II | 411 | 112 | 27.25 | 298 | 76 | 152 | 52 | 0 | 0 | 35 | 5 |
| BA-III | 364 | 248 | 68.13 | 211 | 150 | 123 | 82 | 0 | 0 | 20 | 13 |
| B.Ed.-II | 272 | 32 | 11.76 | 200 | 18 | 74 | 7 | 0 | 0 | 17 | 2 |
| B.Ed.-III | 164 | 44 | 26.83 | 102 | 22 | 30 | 5 | 0 | 0 | 6 | 0 |
| B.Ed.-IV | 122 | 54 | 44.26 | 83 | 33 | 40 | 10 | 0 | 0 | 10 | 4 |
| B.Sc.-II | 42 | 22 | 52.38 | 17 | 5 | 7 | 3 | 0 | 0 | 1 | 1 |
| B.Sc.-III | 37 | 18 | 48.65 | 14 | 12 | 12 | 4 | | | 3 | 1 |
| B.Sc.-IV | 60 | 50 | 83.33 | 23 | 20 | 15 | 15 | 1 | 1 | 2 | 2 |
| 1 Yr. B.Ed. | 0 | 0 | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **Total (a)** | **3148** | **1271** | **40.37** | **1846** | **696** | **888** | **316** | **5** | **4** | **136** | **38** |
| **b. Semester** | | | | | | | | | | | |
| BBS I Sem. | 625 | 32 | 5.12 | 307 | 14 | 266 | 11 | 0 | 0 | 21 | 1 |
| BA-1st Sem. | 662 | 16 | 2.42 | 504 | 7 | 244 | 5 | 0 | 0 | 46 | 0 |
| B.Ed. I Sem. | 334 | 18 | 5.39 | 265 | 14 | 81 | 4 | 0 | 0 | 16 | 0 |
| B.Sc. I Sem. | 88 | 17 | 19.32 | 18 | 4 | 18 | 5 | 0 | 0 | 0 | 0 |
| BALLB I Sem. | 44 | 9 | 20.45 | 16 | | 3 | | | | | |
| BBA I Sem. | 84 | | 0.00 | 41 | | 14 | | | | 3 | |
| **Total (b)** | 1837 | 92 | 5.01 | 1151 | 39 | 626 | 25 | 0 | 0 | 86 | 1 |
| **Grand Total (a+b)** | 4985 | 1363 | 27.34 | 2997 | 735 | 1514 | 341 | 5 | 4 | 222 | 39 |

**Year 2022/23 AD**

| Program Name | TA | TP | Pass | GIRLS | | EDJ* | | Madhesi | | Dalits | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| a. Annual System: | | | % | TA | TP | TA | TP | TA | TP | TA | TP |
| BBS-III | 503 | | 0.00 | 277 | 166 | 17 | 10 | 1 | 1 | 0 | 0 |
| BBS-IV | 440 | 298 | 67.73 | 242 | 145 | 15 | 9 | 1 | 1 | 0 | 0 |
| B.Ed.-II | 233 | | 0.00 | 128 | 77 | 8 | 5 | 0 | 0 | 0 | 0 |
| B.Ed.-IV | 145 | 45 | 31.03 | 80 | 48 | 5 | 3 | 0 | 0 | 0 | 0 |
| BA-III | 334 | | 0.00 | 184 | 110 | 11 | 7 | 1 | 0 | 0 | 0 |
| B.Sc.-III | 37 | | 0.00 | 20 | 12 | 1 | 1 | 0 | 0 | 0 | 0 |
| B.Sc.-IV | 37 | 22 | 59.46 | 20 | 12 | 1 | 1 | 0 | 0 | 0 | 0 |
| **Total (a)** | **1729** | **365** | | **951** | **571** | **57** | **34** | **3** | **2** | **0** | **0** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **b. Semester** | | | | | | | | | | | |
| BBS-I | 502 | 30 | 5.98 | 326 | 20 | 75 | 5 | 3 | 0 | 5 | 0 |
| BBS-II | 410 | 60 | 14.63 | 267 | 39 | 62 | 9 | 2 | 0 | 4 | 1 |
| BBS-III | 418 | | 0.00 | 272 | 0 | 63 | 0 | 2 | 0 | 4 | 0 |
| BA-I | 546 | 49 | 8.97 | 355 | 32 | 82 | 7 | 3 | 0 | 5 | 0 |
| BA-II | 451 | 73 | 16.19 | 293 | 47 | 68 | 11 | 2 | 0 | 5 | 1 |
| BA-III | 446 | | 0.00 | 290 | 0 | 67 | 0 | 2 | 0 | 4 | 0 |
| B.Ed.-I | 373 | 17 | 4.56 | 242 | 11 | 56 | 3 | 2 | 0 | 4 | 0 |
| B.Ed.-II | 259 | 23 | 8.88 | 168 | 15 | 39 | 3 | 1 | 0 | 3 | 0 |
| B.Ed.-III | 255 | | 0.00 | 166 | 0 | 38 | 0 | 1 | 0 | 3 | 0 |
| B.Sc.-I | 37 | 7 | 18.92 | 24 | 5 | 6 | 1 | 0 | 0 | 0 | 0 |
| B.Sc.-II | 27 | 2 | 7.41 | 18 | 1 | 4 | 0 | 0 | 0 | 0 | 0 |
| B.Sc.-III | 35 | | 0.00 | 23 | 0 | 5 | 0 | 0 | 0 | 0 | 0 |
| B.Sc.-CSIT-I | 43 | 7 | 16.28 | 28 | 5 | 6 | 1 | 0 | 0 | 0 | 0 |
| B.Sc.-CSIT-II | 41 | 6 | 14.63 | 27 | 4 | 6 | 1 | 0 | 0 | 0 | 0 |
| B.Sc.-CSIT-III | 44 | | 0.00 | 29 | 0 | 7 | 0 | 0 | 0 | 0 | 0 |
| BBA-I | 80 | 30 | 37.50 | 52 | 20 | 12 | 5 | 0 | 0 | 1 | 0 |
| BBA-II | 42 | 25 | 59.52 | 27 | 16 | 6 | 4 | 0 | 0 | 0 | 0 |
| BBA-III | 72 | | 0.00 | 47 | 0 | 11 | 0 | 0 | 0 | 1 | 0 |
| BALLB-I | 44 | 7 | 15.91 | 29 | 5 | 7 | 1 | 0 | 0 | 0 | 0 |
| BALLB-II | 42 | 11 | 26.19 | 27 | 7 | 6 | 2 | 0 | 0 | 0 | 0 |
| BALLB-III | 35 | | 0.00 | 23 | 0 | 5 | 0 | 0 | 0 | 0 | 0 |
| **Total (b)** | **4202** | **347** | | **2731** | **226** | **630** | **52** | **21** | **2** | **42** | **3** |
| **Grand Total (a+b)** | **5931** | **712** | **0** | **3682** | **797** | **687** | **86** | **24** | **4** | **42** | **3** |

**Year 2023/24 AD**

| Program Name | TA | TP | Pass % | GIRLS | | EDJ | | Madhesi | | Dalits | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | TA | TP | TA | TP | TA | TP | TA | TP |
| BBS-I | 408 | 48 | 11.76 | 247 | 27 | 130 | 15 | 1 | | 27 | 2 |
| BBS-II | 317 | 49 | 15.46 | 215 | 32 | 102 | 11 | | | 18 | 2 |
| BBS-III | 225 | 36 | 11.00 | 147 | 20 | 79 | 10 | | | 12 | |
| BBS-IV | 194 | 47 | 24.23 | 132 | 24 | 71 | 13 | | | 11 | 1 |
| BBS-V | 269 | 126 | 46.84 | 178 | 76 | 98 | 40 | 1 | | 11 | 4 |
| BBA-I | 86 | 46 | 54.65 | 49 | 24 | 24 | 10 | 1 | 1 | 7 | 2 |
| BBA-II | 82 | 53 | 60.98 | 48 | 31 | 22 | 15 | 1 | 1 | 7 | 4 |
| BBA-III | 83 | 43 | 51.81 | 43 | 23 | 14 | 7 | 1 | 1 | 4 | 3 |
| BBA-IV | 82 | 27 | 32.93 | 42 | 13 | 15 | 5 | 1 | 1 | 4 | |
| BBA-V | 61 | 14 | 21.31 | 27 | 6 | 11 | 6 | 1 | | 3 | 1 |
| BA-I | 128 | 26 | 20.31 | 78 | 12 | 35 | 9 | 1 | | 14 | 3 |
| BA-II | 97 | 20 | 20.62 | 63 | 8 | 30 | 7 | 1 | | 10 | |
| BA-III | 191 | 49 | 25.65 | 139 | 27 | 76 | 16 | | | 10 | 3 |
| BA-IV | 163 | 64 | 39.26 | 117 | 40 | 65 | 24 | | | 6 | 4 |
| BA-V | 262 | 103 | 38.93 | 217 | 84 | 90 | 30 | 1 | 1 | 13 | 6 |
| B.Ed.-I | 324 | 33 | 10.19 | 255 | 23 | 64 | 7 | | | 24 | 1 |
| B.Ed.-II | 267 | 73 | 27.34 | 220 | 60 | 48 | 10 | | | 17 | 4 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| B.Ed.-III | 226 | 53 | 23.45 | 60 | 37 | 65 | 11 | | | 21 | 9 |
| B.Ed.-IV | 200 | 103 | 51.50 | 150 | 73 | 31 | 17 | | | 21 | 13 |
| B.Ed.-V | 187 | 73 | 39.04 | 146 | 57 | 24 | 11 | 1 | | 15 | 15 |
| B.Sc.-I | 54 | 14 | 25.93 | 18 | 7 | 10 | 3 | | | 3 | 1 |
| B.Sc.-II | 44 | 7 | 15.91 | 18 | 6 | 10 | 1 | | | 2 | 1 |
| B.Sc.-III | 32 | 3 | 9.38 | 8 | 1 | 4 | | | | 5 | 1 |
| B.Sc.-IV | 32 | 6 | 18.75 | 8 | 2 | 6 | 1 | | | 5 | 1 |
| B.Sc.-V | 23 | 10 | 43.48 | 6 | 5 | 8 | 3 | | | 1 | |
| B.Sc.-CSIT-I | 48 | 26 | 54.17 | 21 | 14 | 6 | 4 | | | 3 | 1 |
| B.Sc.-CSIT-II | 43 | 14 | 32.56 | 20 | 5 | 5 | 1 | | | 2 | |
| B.Sc.-CSIT-III | 40 | 4 | 10.00 | 8 | | 14 | 2 | | | 3 | 1 |
| B.Sc.-CSIT-IV | 40 | 8 | 20.00 | 8 | 2 | 12 | 3 | | | 1 | |
| B.Sc.-CSIT-V | 37 | 8 | 21.62 | 8 | 3 | 6 | 0 | | | 2 | 1 |
| BALLB-I | 48 | 23 | 47.92 | 30 | 11 | 11 | 8 | 1 | 1 | 3 | 1 |
| BALLB-II | 48 | 20 | 41.67 | 30 | 9 | 9 | 3 | | | 2 | 1 |
| BALLB-III | 58 | 21 | 36.21 | 34 | 14 | 6 | 1 | 1 | 1 | 3 | 1 |
| BALLB-IV | 59 | 15 | 25.42 | 35 | 8 | 6 | 1 | 1 | 1 | 4 | 1 |
| BALLB-V | 50 | 20 | 40.00 | 29 | 10 | 3 | 2 | | | 4 | 1 |
| **Master's Level** | | | | | | | | | | | |
| MBS-I | 67 | 9 | 11.94 | 36 | 7 | 16 | 3 | | | 1 | |
| MBS-II | 55 | 11 | 20.00 | 33 | 8 | 16 | 4 | | | 1 | |
| MBS-III | 31 | 11 | 35.48 | 16 | 5 | 8 | 2 | 1 | | 2 | 1 |
| MBS-IV | 31 | 22 | 35.48 | 16 | 11 | 9 | 5 | 1 | | 1 | 1 |
| MBA-I | 8 | 4 | 50.00 | 3 | 1 | 1 | | | | | |
| MBA-II | 8 | 3 | 37.50 | 3 | 0 | 1 | | | | | |
| MBA-III | 7 | 7 | 100 | 6 | 6 | 1 | 1 | | | | |
| MBA-IV | 7 | 7 | 100 | 6 | 6 | 1 | 1 | | | | |
| MA-I | 108 | 43 | 39.81 | 47 | 18 | 10 | 6 | | 1 | 1 | |
| MA-II | 91 | 61 | 67.03 | 42 | 27 | 12 | 9 | | | 1 | 1 |
| MA-III | 109 | 60 | 55.05 | 44 | 26 | 18 | 10 | | | 3 | 1 |
| MA-IV | 106 | 97 | 91.51 | 42 | 36 | 17 | 15 | | | 2 | 2 |
| M.Ed.-I | 51 | 27 | 52.94 | 44 | 25 | 8 | 3 | | | | |
| M.Ed.-II | 46 | 33 | 71.74 | 42 | 29 | 7 | 6 | | | | |
| M.Ed.-III | 30 | 13 | 43.33 | 25 | 12 | 4 | | | | | |
| M.Ed.-IV | 28 | 25 | 89.29 | 23 | 20 | 3 | 2 | | | | |

**Year 2024/25 AD**

| Program Name | TA | TP | Pass % | GIRLS | | EDJ | | Madhesi | | Dalits | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | TA | TP | TA | TP | TA | TP | TA | TP |
| BBS-I | 858 | 129 | | 515 | 67 | 213 | 36 | 2 | | 34 | 4 |
| BBS-II | 643 | 152 | | 386 | 31 | 192 | 41 | | | 22 | 4 |
| BBS-III | 471 | 79 | | 296 | 42 | 140 | 18 | | | 14 | 1 |
| BBS-IV | 440 | 117 | | 263 | 66 | 128 | 31 | | | 11 | 2 |
| BBS-V | 394 | 182 | | 206 | 104 | 124 | 50 | | | 13 | 5 |
| BBS-VI | 345 | 185 | | 183 | 107 | 101 | 48 | | | 12 | 5 |
| BBS-VII | 272 | 221 | | 148 | 123 | 98 | 75 | | | 8 | 6 |
| BBS-VIII | 256 | 209 | | 138 | 114 | 89 | 78 | | | 8 | 6 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA – I | 505 | 163 | | 389 | 125 | 139 | 54 | 1 | | 21 | 2 |
| BA – II | 335 | 94 | | 253 | 68 | 127 | 41 | | | 19 | 3 |
| BA – III | 424 | 154 | | 341 | 117 | 158 | 55 | 1 | 1 | | |
| BA – IV | 308 | 141 | | 246 | 109 | 116 | 54 | | | 14 | 7 |
| BA – V | 380 | 138 | | 313 | 111 | 139 | 44 | 2 | 1 | 14 | 5 |
| BA – VI | 319 | 137 | | 262 | 104 | 109 | 37 | 2 | 1 | 16 | 7 |
| BA - VII | 243 | 84 | | 196 | 65 | 92 | 29 | 1 | | 7 | 2 |
| BA - VIII | 235 | 214 | | 189 | 174 | 91 | 91 | 1 | 1 | 6 | 6 |
| B.Ed. - I | 664 | 513 | | 527 | 120 | 85 | 27 | | | 39 | 7 |
| B.Ed. - II | 518 | 167 | | 278 | 95 | 73 | 21 | | | 26 | 4 |
| B.Ed. - III | 458 | 153 | | 248 | 88 | 30 | 12 | | | 22 | 7 |
| B.Ed. - IV | 416 | 183 | | 226 | 105 | 53 | 30 | | | 28 | 14 |
| B.Ed. - V | 273 | 130 | | 148 | 75 | 60 | 32 | 1 | 1 | 17 | 10 |
| B.Ed. - VI | 241 | 119 | | 131 | 67 | 48 | 27 | 1 | 1 | 15 | 8 |
| B.Ed. - VII | 165 | 67 | | 138 | 46 | 31 | 8 | | | 12 | 7 |
| B.Ed. - VIII | 161 | 142 | | 91 | 80 | 41 | 34 | | | 10 | 10 |
| BBA – I | 156 | 98 | | 84 | 51 | 33 | 18 | | | 6 | 2 |
| BBA - II | 119 | 60 | | 60 | 32 | 14 | 7 | | | 7 | 3 |
| BBA - III | 129 | 61 | | 66 | 33 | 23 | 10 | 1 | | 4 | 3 |
| BBA - IV | 144 | 40 | | 56 | 16 | 27 | 6 | | | 3 | |
| BBA – V | 71 | 15 | | 35 | 8 | 14 | 4 | 1 | | | |
| BBA - VI | 74 | 58 | | 38 | 30 | 136 | 12 | 1 | 1 | 1 | 1 |
| BBA - VII | 63 | 56 | | 33 | 29 | 8 | 7 | | | 2 | 1 |
| BBA - VIII | 62 | 58 | | 33 | 31 | 8 | 7 | | | 2 | 1 |
| BSc. – I | 105 | 47 | | 29 | 12 | 24 | 8 | | | 3 | 1 |
| BSc. – II | 96 | 13 | | 30 | 11 | 25 | 3 | | | 2 | |
| BSc. - III | 59 | 10 | | 20 | 4 | 13 | 4 | 1 | 1 | 2 | 1 |
| BSc. - IV | 52 | 12 | | 17 | 6 | 12 | 2 | | | 3 | 1 |
| BSc. – V | 43 | 17 | | 9 | 5 | 13 | 3 | | | | |
| BSc. - VI | 38 | 28 | | 12 | 9 | 10 | 6 | | | | |
| BSc. - VII | 32 | 26 | | 11 | 9 | 11 | 8 | | | | |
| BSc. - VIII | 32 | 32 | | 11 | 11 | 12 | 12 | | | | |
| BSc. CSIT – I | 113 | 47 | | 35 | 18 | 16 | 7 | | | 4 | 1 |
| BSc. CSIT - II | 110 | 22 | | 38 | 7 | 16 | 2 | | | 2 | |
| BSc. CSIT - III | 74 | 9 | | 22 | 2 | 8 | 1 | | | 1 | |
| BSc. CSIT - IV | 83 | 16 | | 25 | 4 | 16 | 3 | 1 | 1 | 1 | 1 |
| BSc. CSIT – V | 53 | 14 | | 17 | 5 | 6 | 1 | | | 1 | 1 |
| BSc. CSIT - VI | 38 | 28 | | 13 | 9 | 5 | 1 | | | 1 | 1 |
| BSc. CSIT - VII | 32 | 28 | | 10 | 9 | 1 | 1 | | | | |
| BSc. CSIT - VIII | 31 | 29 | | 10 | 9 | 1 | 1 | | | | |
| BALLB – I | 134 | 65 | | 62 | 29 | 14 | 11 | | | 8 | 3 |
| BALLB - II | 125 | 45 | | 70 | 22 | 14 | 5 | | | 5 | 1 |
| BALLB - III | 103 | 52 | | 48 | 24 | 9 | 4 | | | 5 | 3 |
| BALLB - IV | 101 | 33 | | 57 | 18 | 7 | 2 | | | 3 | 1 |
| BALLB – V | 74 | 26 | | 32 | 16 | 4 | 1 | | | 3 | 1 |
| BALLB - VI | 68 | 34 | | 33 | 17 | 6 | 2 | | | 4 | 2 |
| BALLB - VII | 34 | 14 | | 11 | 5 | 1 | | | | | |
| BALLB – VIII | 32 | 19 | | 10 | 6 | 1 | 1 | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| MBS – I | 131 | 60 | | 71 | 17 | 29 | 9 | | | 3 | 1 |
| MBS - II | 83 | 19 | | 50 | 12 | 21 | 4 | | | 1 | |
| MBS - III | 50 | 18 | | 32 | 7 | 10 | 2 | | | 2 | 1 |
| MBS - IV | 42 | 26 | | 24 | 13 | 9 | 5 | | | 1 | 1 |
| MBA – I | 13 | 6 | | 5 | 1 | 1 | | | | | |
| MBA - II | 16 | 7 | | 8 | 2 | 2 | | | | | |
| MBA - III | 8 | 8 | | 6 | 6 | 1 | 1 | | | | |
| MBA - IV | 7 | 7 | | 6 | 6 | 1 | 1 | | | | |
| MA – I | 182 | 80 | | 156 | 35 | 24 | 13 | | | 4 | 2 |
| MA - II | 139 | 96 | | 79 | 36 | 19 | 14 | | | 1 | 1 |
| MA - III | 122 | 71 | | 77 | 22 | 18 | 13 | | | 4 | 2 |
| MA - IV | 114 | 104 | | 54 | 20 | 15 | 15 | | | 2 | 1 |
| M.Ed. – I | 80 | 40 | | 68 | 34 | 15 | 6 | | | | |
| M.Ed. – II | 68 | 37 | | 54 | 30 | 12 | 6 | | | | |
| M.Ed – III | 34 | 13 | | 26 | 10 | 5 | | | | | |
| M.Ed – IV | 30 | 27 | | 23 | 21 | 3 | 2 | | | | |

*Source: Examination Section Record of KMC*

**माथिको तालिका नं. ४ को विश्लेषण गर्दा सुरुका भर्ना वर्षहरूमा विद्यार्थीहरूको भर्ना दरको सख्याका आधारमा उत्तीर्ण दर कम देखिएको छ । जसको कारण विद्यार्थीहरू उच्चशिक्षाबाट क्याम्पस स्तरको पठनपाठन तथा वातावरणमा प्रवेश गर्दा क्याम्पस स्तरको पठनपाठन तथा वातावरण बुझ्न र घुलमिल हुन समय लागेको हुन सक्छ तर देश भरिको र विश्वविद्यालयको नतिजा प्रतिशत हेर्दा हाम्रो क्याम्पसको उत्तीर्ण दर सन्तोषजनक नै भन्न सकिन्छ । विद्यार्थीहरू अन्तिम तिरका सेमेस्टरहरूको परीक्षाहरूमा अधिकांश विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ । जहाँ ६० देखि ९० प्रतिशतसम्म विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ भने कुनै–कुनै सेमेस्टरमा १०० प्रतिशत पनि नतिजा देखिएको छ । जुन राम्रो नतिजाको रूपमा लिन सकिन्छ । माथि तालिकामा सेमेस्टर प्रणालीको विद्यार्थीहरूको उत्तीर्ण दर अन्तिम सेमेस्टरको भन्दा सुरुका सेमेस्टरको नतिजा न्यून नै देखिएको छ । जसको कारण विद्यार्थीहरू सेमेस्टर प्रणालीका लागि नयाँ भई सेमेस्टर प्रणाली बुझ्नमा समय लागेको हुन सक्छ भने अर्को प्रमुख कारण विद्यार्थीहरूको अध्ययन गर्ने तरिका गाइड तथा सोलुसन बुक जस्ता सामाग्री पढी पास गर्ने बानीको विकास भएकोमा सु.प.वि.मा पठनपाठन हुने विषयहरूको लागि त्यस्ता अध्ययन गर्ने सामाग्री तथा स्रोतको अभाव देखिन्छ ।**

## २.३ स्नातक दर प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis)

**कैलाली बहुमुखी क्याम्पसमा विभिन्न वर्ष तह पार गर्ने स्नातकहरू (Graduates) को संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।**

**Table 5: Year-Wise Graduate Trend of Students of 2019/20 to 2023/24**

| Year | Total | Female | EDJ | Dalit | Others |
|---|---|---|---|---|---|
| 2019/20 | 620 | 297 | 118 | 10 | 0 |
| 2020/21 | 597 | 282 | 136 | 18 | 0 |
| 2021/22 | 555 | 261 | 116 | 18 | 0 |
| 2022/23 | 570 | 345 | 143 | 18 | 1 |
| 2023/24 | 304 | 175 | 48 | 5 | - |

*Source: Examination Section Record of KMC*

**माथि तालिका नं. ६ को तथ्याङ्कलाई दृष्टिगत गर्दा शैक्षिक सत्र २०१८/१९ मा ६९५ जना, शैक्षिक सत्र २०१९/२० मा ६२० जना, शैक्षिक सत्र २०२०/२१ मा ५९७ जना र शैक्षिक सत्र २०२१/०२२ मा ५५५ जना विद्यार्थीहरूले स्नातक र स्नातकोत्तर तहको शैक्षिक उपाधी हासिल गरेका थिए । शैक्षिक सत्र २०२२/२३ मा ५७० जना उत्तीर्ण रहेकोमा राष्ट्रिय स्तरको नतिजालाई तुलना गर्दा उक्त उत्तीर्ण दर राम्रो नै मानिन्छ । यस क्याम्पसमा विभिन्न वर्ष तह पार गर्ने स्नातकहरूको तहगत र समावेशीतामा आधारित संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :**

**Table 6: Graduate Trend of Students**
**(Programme Wise/ Level Wise, Disaggregated by Female and Educationally Disadvantaged Students)**

| Level | Programme | Graduated Students in 2019/20 AD | | | | |
|---|---|---|---|---|---|---|
| | | TOTAL | GIRLS | EDJ | Dalits | Madhesi |
| Bachelor | BBS | 246 | 114 | 48 | 7 | |
| | BA | 49 | 26 | 25 | | |
| | B.Ed. | 39 | 19 | 12 | | |
| | B.Sc. | 26 | 12 | 1 | 2 | |
| | BBM | 40 | 15 | 7 | 0 | 0 |
| Master | MBS | 89 | 43 | 10 | | |
| | MA | 66 | 35 | 15 | 1 | |
| | M.Ed. | 65 | 39 | 6 | | |
| **Total** | | **620** | **297** | **118** | **10** | |
| Level | Programme | **Graduated Students in 2020/21 AD** | | | | |
| | | TOTAL | GIRLS | EDJ | Dalits | Madhesi |
| Bachelor | BBS | 247 | 117 | 58 | 7 | 0 |
| | BA | 144 | 76 | 46 | 7 | 0 |
| | B.Ed. | 84 | 55 | 17 | 3 | 0 |
| | B.Sc. | 24 | 5 | 5 | 0 | 0 |
| | BBM | 47 | 15 | 7 | 3 | 0 |
| Master | MBS | 23 | 10 | 2 | 1 | 0 |
| | MBA | 6 | 5 | 1 | 0 | 0 |
| | MA | 7 | 5 | 3 | 0 | 0 |
| | M.Ed. | 20 | 13 | 5 | 0 | 0 |
| **Total** | | **602** | **301** | **144** | **21** | **0** |
| Level | Programme | **Graduated Students in 2021/22 AD** | | | | |
| | | TOTAL | GIRLS | EDJ | Dalits | Madhesi |
| Bachelor | BBS | 262 | 131 | 33 | 8 | 0 |
| | BA | 129 | 72 | 43 | 4 | 0 |
| | B.Ed. | 55 | 31 | 10 | 4 | 0 |
| | B.Sc. | 4 | 1 | 0 | 0 | 0 |
| | BBM | 56 | 34 | 13 | 0 | 2 |
| Master | MBS | 26 | 15 | 1 | 1 | 0 |
| | MBA | 3 | 1 | | 1 | 0 |
| | MA | 7 | 4 | 0 | 0 | 0 |
| | M.Ed. | 16 | 9 | 5 | 1 | 0 |
| **Total** | | **558** | **298** | **105** | **19** | **2** |
| Level | Programme | **Graduated Students in 2022/23 AD** | | | | |
| | | TOTAL | GIRLS | EDJ | Dalits | Madhesi |
| Bachelor | BBS | 158 | 84 | 30 | 4 | |
| | BA | 117 | 85 | 48 | 5 | |
| | B.Ed. | 86 | 54 | 18 | 5 | |
| | B.Sc. | 25 | 15 | 2 | | |
| | BBA | 21 | 10 | 1 | | |
| Master | MBS | 117 | 66 | 23 | 3 | |
| | MA | 30 | 23 | 14 | 1 | 1 |
| | M.Ed. | 16 | 8 | 7 | | |
| **Total** | | **570** | **345** | **143** | **18** | **1** |
| Level | Programme | **Graduated Students in 2023/24 AD** | | | | |
| | | TOTAL | GIRLS | EDJ | Dalits | Madhesi |
| Bachelor | BBS | 82 | 39 | 11 | 0 | 0 |
| | BA | 65 | 51 | 18 | 0 | 0 |
| | B.Ed. | 66 | 47 | 12 | 1 | 0 |
| | B.Sc. | 16 | 4 | 3 | 0 | 0 |
| | BBA | 50 | 29 | 1 | 4 | 0 |
| | B.Sc. CSIT | 17 | 3 | 0 | 0 | 0 |
| Master | MBS | | | | | |
| | MA | 5 | 1 | 1 | 0 | 0 |
| | M.Ed. | | | | | |
| **Total** | | **301** | **174** | **46** | **5** | **0** |

*Source: Examination Section Record of KMC*

माथि तालिका नं. ६ को तथ्याङ्कको उत्तीर्ण दरलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न शैक्षिक कार्यक्रमहरूको वार्षिक परीक्षा अन्तर्गत शैक्षिक सत्र २०१९/२० मा कूल ६२० विद्यार्थीहरू उत्तीर्ण भएको देखिन आएको छ। सबैभन्दा बढी बिबिएसमा २४६ जना रहेको देखिन्छ भने सबैभन्दा कम बिएस्सीमा २६ जना उत्तीर्ण भएको देखिन्छ। शैक्षिक सत्र २०२०/२१ मा कूल ५९६ विद्यार्थीहरू उत्तीर्ण भएको पाइएको छ। सबैभन्दा बढी बीबीएसमा २४७ जना रहेको देखिन्छ भने सबैभन्दा कम बिएस्सीमा २४ जना उत्तीर्ण भएको देखिन्छ। शैक्षिक सत्र २०२१/२२ मा कूल ५५५ विद्यार्थीहरू उत्तीर्ण भएको पाइएको छ। सबैभन्दा बढी बीबीएसमा २६२ जना रहेको देखिन्छ भने सबैभन्दा कम बिएस्सीमा ४ जना उत्तीर्ण भएको देखिन्छ। शैक्षिक सत्र २०२२/२३ मा कूल ५७० विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ। सबैभन्दा बढी बिबिएसमा १५८ जना रहेको देखिन्छ भने सबैभन्दा कम एम.एड्. मा १० जना उत्तीर्ण भएको देखिन्छ। शैक्षिक सत्र २०२३/२४ मा कूल ३०१ विद्यार्थीहरू उत्तीर्ण भएको देखिन्छ। सबैभन्दा बढी बिबिएसमा ८२ जना उत्तीर्ण भएको देखिन्छ। यहाँ बीबीएसको उत्तीर्ण दर सबैभन्दा बढी हुनुको कारण बीबीएसमा विद्यार्थीहरूको संख्या नै बढी हुनु र बीएस्सीमा विद्यार्थी संख्या नै कम भएको हुँदा उत्तीर्ण दर कम भएको पाइएको हो।

## २.४ शैक्षिक कार्यक्रमहरू (Academic Programmes)

कैलाली बहुमुखी क्याम्पसमा वि.सं. २०३७ सालदेखि वाणिज्य सङ्काय र वि.सं. २०३९ सालदेखि मानविकी सङ्कायको पढाइ सुरु भयो। वि.सं. २०५७ सालमा एम.बी.एस. तहको पढाइ सुरु भयो। वि.सं. २०६४ सालमा शिक्षा सङ्कायमा एम.एड्.का कक्षा सञ्चालन भए। वि.सं. २०५९ सालदेखि बी.एड.का कक्षा सञ्चालन हुन पुगे। वि.सं. २०६० सालदेखि एक बर्षे बी.एड. को कक्षा सञ्चालन भयो। वि.सं. २०७० सालमा बी.बी.एम. र २०७१ सालमा विज्ञान सङ्कायतर्फ बी.एस्सी. कक्षा सञ्चालन भई आएका छन् भने स्नातकोत्तर तहमा शिक्षाशास्त्र सङ्कायतर्फ एम.एड. र मानविकी सङ्कायतर्फ एम.ए.का कक्षाहरू सञ्चालन हुँदै आएका छन्। यसरी हाल सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सामायोजन भएपछि बी.बी.ए., बी.ए.एल.एल.बी., एम.बी.ए., बीएस्सी–सीएसआइटी, बीएड–सीएसआइटी आदि कार्यक्रमहरू थप भई सञ्चालन भइरहेका छन्।

**Table 7: Acaddmic Programmes**

| Departments | Programs | Duration |
|---|---|---|
| Management | BBS | 4 Year: semester system |
| | BBA | 4 Year: Semester system |
| | MBS | 2 Year: Semester system |
| | MBA | 2 Year: Semester system |
| Humanities | BA/BSW | 4 Year: Semester system |
| | MA (Nepali) | 2 Year: Semester system |
| | MA (Economics) | 2 Year: Semester system |
| | MA (Sociology) | 2 Year: Semester system |
| | MA (English) | 2 Year: Semester system |
| | MA (Development Studies) | 2 Year: Semester system |
| Education | B.Ed. | 4 Year: Semester system |
| | B.Ed. CSIT | 4 Year: Semester system |
| | P.B.Ed. | 1 Year: Semester system |
| | M.Ed. (English) | 2 Year: Semester system |
| | M.Ed. (EPM) | 2 Year: Semester system |
| | M.Ed. (Curriculum) | 2 Year: Semester system |
| | M.Ed. (Health Education) | 2 Year: Semester system |
| | M.Ed. (Nepali) | 2 Year: Semester system |
| Science | B.Sc. (Physical Group) | 4 Year: Semester system |
| | B.Sc. (Biology Group) | 4 Year: Semester system |
| | B.Sc.-CSIT | 4 Year: Semester system |
| Law | BALLB | 5 Year: Semester system |

### २.५ शैक्षणिक विधिहरू (Educational Pedagogy)

कैलाली बहुमुखी क्याम्पसमा विगतका वर्षहरूमा शिक्षक केन्द्रित विधि मात्रै अनुसरण हुँदै आएकोमा हाल आएर पठनपाठनका विधिहरूमा परिवर्तन ल्याउने प्रयास गरिएको छ। धेरै भवनहरूका कक्षाकोठाहरूमा मल्टीमिडिया प्रोजेक्टर, स्मार्ट बोर्ड, डिजिटल बोर्डको व्यवस्था गरिएको छ। यसबाट प्रस्तुतीकरण विधि अपनाउनमा मद्दत पुगेको छ। सेमेस्टर प्रणाली अन्तर्गत प्रस्तुतीकरण विधि र परियोजना कार्यविधि समेत अवलम्बन गरिन्छ।

## ३. भौतिक प्रगति (Physical Progress)

कैलाली बहुमुखी क्याम्पसको भौतिक प्रगतिलाई पूर्वाधार विकास, शैक्षिक सहयोग तथा उपकरणहरू, फर्निचर, पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामाग्रीहरूको उपलब्धताको आधारमा विश्लेषण गरिएको छ।

### ३.१ पूर्वाधार विकास (Infrastructural Development)

कैलाली बहुमुखी क्याम्पसको शिक्षण-सिकाइ क्रियाकलापहरूलाई सहजीकरण गर्न र बृद्धि गर्न यस क्याम्पसले आफ्ना भौतिक पूर्वाधारहरू थप्ने, निर्माण गर्ने र मर्मत गर्ने क्रमलाई जारी राखेको छ। २०७२/०७३ मा एउटा ६५ कि.वा. क्षमता भएको जेनेरेटर खरिद गरिएको छ र शैक्षणिक र प्रशासनिक क्रियाकलापलाई सघाउ पुऱ्याउने र क्रियाकलापलाई अटुट र निर्वाध सञ्चालन गर्न एउटा १०० के.भी. विद्युतीय ट्रान्सफर्मर पनि जडान गरिएको छ। यस अवधिमा ४ थान खानेपानी टंकीहरू खरिद गरिएका छन्। उक्त ट्याङ्कीको क्षमता ६,००० लिटर रहेको छ। हरेक भवनमा पर्याप्त खानेपानीका धाराहरू निमार्ण गरिएका छन्। थपिएका उपयुक्त सामग्रीहरू सहित क्याम्पसको भौतिक पूर्वाधारहरू जम्मा जम्मी निम्नानुसार रहेका छन् :

- जग्गाको जम्मा क्षेत्रफल – ५४० कठ्ठा (२७ बिगाहा)
- भवन – ६ ओटा शैक्षिक भवन र अन्य ९ ओटा गरी जम्मा १५ ओटा
- भवनले ओगटेको क्षेत्रफल – ३२,४५२ वर्ग फिट
- कक्षाकोठा संख्या – ९०
- कम्प्युटर प्रयोगशाला संख्या – २
- विज्ञान प्रयोगशाला – ६
- शौचालय (छात्र/छात्रा) – २८ ओटा
- मिटिङ्ग हल – २ ओटा
- क्यान्टिन – १ ओटा
- कटेज – १ ओटा (तीन कोठा)
- प्रतीक्षालय – १ ओटा
- खानेपानी बोरिङ्ग – १ ओटा
- सरस्वतीको मन्दिर – १ ओटा
- विद्यार्थी अतिरिक्त प्रयोजन कोठा – ५ कोठा
- छात्रावास भवन (२ तले, १८ कोठा) – १ ओटा
- खेलमैदान – फुटबल, भलिबल, क्रिकेट, बास्केटबल आदि
- साइकल र मोटरसाइकल स्ट्याण्ड – ४ ओटा
- मिटिङ् हल (मेघाहल ) – १ ओटा
- वनविज्ञान भवन – १ ओटा
- स्ववियु भवन – १ ओटा
- सेमिनार हल – २ ओटा
- के.एम.सी. म्युजिक क्लब – १ ओटा

### ३.२ शैक्षिक सहयोग र उपकरणहरू (Educational Aids and Equipments)

विद्यार्थीहरूको पठन-पाठनमा गुणस्तरीयता कायम गर्न र निर्वाध रूपमा सञ्चालन गर्न निम्नानुसारका शैक्षिक सहयोग सामग्रीहरू खरिद गरिएका छन् :

- कम्प्युटर संख्या – १३८ थान
- ल्यापटप संख्या – ६९ थान
- फोटोकपी मेसिन – ८ थान

- प्रिन्टर्स – १८ थान
- फ्याक्स मेसिन – २ थान
- ओभर हेड/मल्टिमिडिया प्रोजेक्टर – ३५ थान
- स्मार्ट बोर्ड – १६ थान
- इन्टरनेट सर्भिस – ३ लाइन जडान
- इन्टरनेट जडिएका कम्प्युटर्स – ८० थान
- क्यामेरा – १ थान
- सि.सि.टि.भी. क्यामेरा – २४ थान
- पंखा – २८४ थान
- एफ.एम. रेडियो/स्टेशन – १ (१०४.६ मेगा हर्ज)
- चेक राइटर मेसिन – १ थान
- इन्भटर – ४ थान
- इन्भटर ब्याट्री – ९ थान
- सांस्कृतिक कार्यक्रम पोशाक – ७ सेट महिला
- हाजिरी रेकर्ड मेसिन – ३ थान
- घाँस काट्ने मेसिन – १ थान

### ३.३ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरू (Books/Journals/Reference Materials)

कैलाली बहुमुखी क्याम्पसको पुस्तकालय समग्र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रकै सबैभन्दा ठूलो पुस्तकालय हो । यसमा गत आ.व. सम्म जम्मा ५७,७३४ ओटा पुस्तकहरू रहेकोमा यस आ.व. पुस्तकहरूको संख्या ५९,९८७ पुगेको छ ।

पुस्तकालयमा जम्मा ७ ओटा कोठाहरू छन् । पुस्तकालय भवन विश्वविद्यालय अनुदान आयोग कैलाली बहुमुखी क्याम्पसको संयुक्त लगानीमा निर्मित आधुनिक र सुविधा सम्पन्न छ । यसमा ३ ओटा अध्ययन कक्षहरू र एउटा ई–पुस्तकालय छ । ई–पुस्तकालयमा २० थान कम्प्युटरहरू छन्, जसमा प्रयोगकर्ताहरूले अनलाईन् जर्नलहरू र आवश्यक पुस्तक पढ्न तथा डाउनलोड गर्न सजिलै सक्दछन् ।

पुस्तकालयमा दैनिक ४४ पत्र–पत्रिकाहरू राखिने गरिएका छन् । त्यस मध्ये राष्ट्रिय र स्थानीय गरी दुबै किसिमका दैनिक पत्रिकाहरू छन् । दुई साप्ताहिक र ५ मासिक पत्र–पत्रिका पनि यस पुस्तकालयले राख्ने गरेको छ ।

पुस्तकालयमा ९०० भन्दा बढी मास्टर्स डिग्रीका थेसिसहरू छन् । विभिन्न प्रकारका प्राज्ञिक जर्नलहरू पनि राखिएका छन् । पुस्तकालयमा सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत पठनपाठन हुने पुस्तकहरू तथा अन्य पाठ्यपुस्तक र जर्नलहरूको संख्या थपिनु पर्ने देखिन्छ । जसले गर्दा विद्यार्थी, प्राध्यापक र अन्य अनुसन्धाताहरूलाई थप सहज हुने देखिन्छ ।

### ३.४ फर्निचर (Furniture)

कैलाली बहुमुखी क्याम्पसको पठनपाठन एवम् प्रशासनिक कार्यमा सहयोगी हुने निम्न अनुसारका फर्निचरहरू उपलब्ध छन् :

- बेन्च/डेस्क संख्या – २२८० थान
- कुर्सीहरू – ६९० थान
- स्टिल दराज – १८ ओटा
- स्टिल ऱ्याक – ७४ ओटा
- स्टिल टेबुल – १८ थान
- सेतोपाटी – ११ थान
- काठको दराज – ३ थान
- प्लाष्टिक कुर्सीहरू – ८६ थान

## ४. वित्तीय प्रगति (Financial Progress)

कैलाली बहुमुखी क्याम्पसको वित्तीय प्रगतिलाई स्वआर्जित तथा सरकारी अनुदानबाट प्राप्त आम्दानी र चालू एवम् पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

## ४.१ वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources /Income)

कैलाली बहुमुखी क्याम्पसको वित्तीय स्रोत अन्तर्गत विद्यार्थीबाट सङ्कलन गरिएको शुल्क, बैंकबाट प्राप्त ब्याज र अन्य आम्दानीका स्रोतहरू पर्दछन् । जसलाई तल प्रस्तुत गरिएको छ ।

### ४.१.१ स्वआर्जित आय (Self Generated Income/Resources)

कैलाली बहुमुखी क्याम्पसको स्वआर्जित आयको मुख्य स्रोत भनेको विद्यार्थीबाट सङ्कलन गरिने शुल्क हो । दोस्रो स्रोत बैंकमा रहेको मुद्दती खाताबाट आर्जन हुने ब्याज हो । विद्यार्थीको शुल्क तथा बैंक ब्याज र अन्य आम्दानीका स्रोतहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**Table 9: Self Generated Income of 2077/78 – 2081/82**

| F/Y | Students fees | Bank Interest | Others | Total | % of Students fee |
|---|---|---|---|---|---|
| 2077/78 | 108,648,131 | 27,879,701 | 671,482 | 137,199,314.00 | 79.19 |
| 2078/79 | 125,007,586 | 33,017,439.83 | 438,786.02 | 158,463,812.00 | 78.88 |
| 2079/80 | 76,698,419 | 38,421,413.66 | 353452.88 | 115,473,286.00 | 66.42 |
| 2080/81 | 69,938,752 | 30,469,988.76 | 319,948.00 | 100,728,688.76 | 69.44 |
| 2081/082 | 70,055,972.00 | 15,166,254.98 | 4,34,091.13 | 8,56,56,318.11 | 81.79 |

*Sources: Account Department of KMC*

आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म क्याम्पसको विद्यार्थी शुल्कबाट प्राप्त आम्दानीमा उल्लेखनीय उतार-चढाव देखिन्छ । २०७७/७८ मा रु. १०.८६ करोड रहेको विद्यार्थी शुल्क आम्दानी २०७८/७९ मा बढेर रु. १२.५० करोड पुगे पनि त्यसपछि निरन्तर घट्दै २०८०/८१ मा रु. ६.९९ करोडमा झरेको छ। २०८१/८२ मा भने रु. ७.०१ करोडमा सामान्य सुधार भएको देखिन्छ । कुल आम्दानीमा विद्यार्थी शुल्कको योगदान २०७७/७८ मा ७९.१९% रहेकोमा २०७९/८० मा घटेर ६६.४२% पुगेको र २०८१/८२ मा पुनः बढेर ८१.७९% पुगेको छ । यसले पछिल्ला वर्षहरूमा विद्यार्थी शुल्कबाट हुने आम्दानीमा कमी आए पनि क्याम्पसको कुल आम्दानीमा यसको भूमिका अझै महत्वपूर्ण रहेको देखाउछ ।

### ४.१.२ सरकारी स्रोतबाट अनुदान (Grants from Government Sources)

कैलाली बहुमुखी क्याम्पसलाई सरकारी स्रोतबाट प्राप्त हुने आम्दानीको मुख्य स्रोत भनेको विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदान नै हो । विगत पाँच वर्षमा विश्वविद्यालय अनुदान आयोग र अन्य निकायहरूबाट प्राप्त भएको आम्दानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**Table 10: Grants from Government Sources of the Last Five Years, 2077/78 – 2081/82**

| F/Y | UGC | Other government bodies | Total Grants | Self generated | Total Revenue | % of Grants |
|---|---|---|---|---|---|---|
| 2077/78 | 1,616,000 | 40,705,318 | 40,866,919 | 137,199,314 | 220,387,551.00 | 18.54 |
| 2078/79 | 3,000,000 | 12,154,924 | 15,154,924 | 158463812 | 188,773,660.00 | 8.028 |
| 2079/80 | 150,000 | 44,069,465 | 44,219,465 | 115,473,286 | 203,912,216.00 | 21.68 |
| 2080/81 | 2,550,000.00 | 52,448,405.00 | 54,998,405.00 | 100728688.76 | 155,727,093.76 | 35.32 |
| 2081/82 | 17,970,000.00 | 62,198,539.00 | 80,168,539.00 | 85,656,318.11 | 165,824,857.11 | 48.35 |

*Sources: Account Department of KMC.*

आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मको तथ्याक्त हेर्दा क्याम्पसको कुल अनुदानमा उतार-चढाव भए पनि पछिल्ला वर्षमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। कुल अनुदान २०७७/७८ मा रु. ४.०९ करोड रहेकोमा २०७८/७९ मा घटेर रु. १.५२ करोड पुगेको थियो । त्यसपछि क्रमशः बढ्दै २०७९/८० मा रु. ४.४२ करोड, २०८०/८१ मा रु. ५.५० करोड र २०८१/८२ मा रु. ८.०२ करोड पुगेको छ । कुल राजस्वमा अनुदानको योगदान पनि २०७८/७९ को ८.०३% बाट बढेर २०८१/८२ मा ४८.३५% पुगेको छ । यसबाट पछिल्लो आर्थिक वर्षमा क्याम्पसको वित्तीय स्रोतमा सरकारी अनुदानको भूमिका निकै बढेको देखिन्छ। यद्यपि, दीर्घकालीन वित्तीय स्थायित्वका लागि सरकारी अनुदानसागै स्व-आर्जित आम्दानीका स्रोतहरूलाई समेत थप विविधीकरण र सुदृढीकरण गर्नुपर्ने देखिन्छ ।

## ४.२ खर्च बिश्लेषण (Analysis of Expenditures)

**कैलाली बहुमुखी क्याम्पसको खर्चलाई चालू खर्च र पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।**

### ४.२.१ चालु खर्चहरू (Recurrent Expenses)

**कैलाली बहुमुखी क्याम्पसको चालू खर्चलाई तलब शीर्षकमा गरिएको खर्च र अन्य कार्यालय सञ्चालन खर्च गरी तलको तालिकामा प्रस्तुत गरिए अनुसार दुई भागमा वर्गीकरण गरिएको छ :**

**Table 11: Recurrent Expenses of 2077/78 – 2081/82**

| F/Y | Salaries | Others recurring expenses | Total recurring expenses |
|---|---|---|---|
| 2077/78 | 83232183.55 | 26865865.66 | 110,098,049.21 |
| 2078/79 | 104064404.67 | 20560297.81 | 124,624,702.00 |
| 2079/80 | 121094436.42 | 12693860.66 | 133,788,297.00 |
| 2080/81 | 119,745,318.03 | 16,329,621.61 | 136,074,939.64 |
| 2081/82 | 11,58,04,372.92 | 24,485,183.06 | 140,289,510.98 |

*Sources: Account Department of KMC*

**आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म क्याम्पसको कुल चालु खर्च निरन्तर बढ्दो क्रममा रहेको देखिन्छ । २०७७/७८ मा रु. ११.०१ करोड रहेको कुल चालु खर्च २०७८/७९ मा रु. १२.४६ करोड, २०७९/८० मा रु. १३.३८ करोड, २०८०/८१ मा रु. १३.६१ करोड हुदैं २०८१/८२ मा रु. १४.०३ करोड पुगेको छ । खर्चको सबैभन्दा ठूलो हिस्सा तलब तथा पारिश्रमिकमा जाने गरेको छ । यसले क्याम्पसको नियमित खर्चमा तलब खर्चको उच्च भार रहेको देखाउँछ ।**

### ४.२.२ पूँजीगत खर्च (Capital Expenditure)

**कैलाली बहुमुखी क्याम्पसको पूँजीगत खर्चलाई मुख्य पूर्वाधार विकास, उपकरणहरू खरिद, पुस्तक खरिद र कार्यक्रम विस्तार शीर्षकहरूमा विभाजन गरिएको छ :**

**Table 12: Capital Expenditure of 2077/78 – 2081/82**

| F/Y | Major infrastructures development | Equipment | Books | Programme Expansion | Total |
|---|---|---|---|---|---|
| 2077/78 | 5061471.10 | 7467870.78 | 659710 | 5,061,471 | 13,189,051.88 |
| 2078/79 | 3884965.06 | 3520982.67 | 5987304.91 | - | 9,508,287.58 |
| 2079/80 | 26955225.45 | 2900423.13 | 3273186.93 | 26,955,225 | 33,128,835.51 |
| 2080/81 | 6,879,609.17 | 6,093,022.15 | 964,895.80 | - | 13,937,527.12 |
| 2081/82 | 2,381,512.53 | 6,965,730.33 | 1,267,506.60 | - | 10,614,749.46 |

*Sources: Account Department of KMC*

**पुँजीगत तथा विकास खर्चको प्रवृत्तिलाई हेर्दा आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म क्याम्पसको पुँजीगत तथा विकास खर्चमा उल्लेखनीय उतार-चढाव देखिन्छ । कुल खर्च २०७७/७८ मा रु. १.३२ करोड रहेकोमा २०७८/७९ मा घटेर रु. ०.९५ करोड पुगेको छ । २०७९/८० मा भने पूर्वाधार विकासमा ठूलो लगानी भएकाले कुल खर्च बढेर रु. ३.३१ करोड पुगेको देखिन्छ । त्यसपछि २०८०/८१ मा रु. १.३९ करोड र २०८१/८२ मा रु. १.०६ करोडमा झरेको छ । समग्रमा, खर्चको ठूलो हिस्सा पूर्वाधार विकास र उपकरण खरिदमा केन्द्रित रहेको देखिन्छ भने पुस्तक तथा कार्यक्रम विस्तारमा तुलनात्मक रूपमा कम खर्च भएको छ ।**

## ४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्यूनीकरणका प्रयासहरू (Audit Observations, Recommendation and Steps Taken to Mitigate the Issues of Last Year)

**कैलाली बहुमुखी क्याम्पसले तयार गरेका वित्तीय विवरणहरू लेखाका सर्वमान्य सिद्धान्त** (Generally Accepted Accounting Principles) **तथा प्रचलित कानुन बमोजिम तयार गरे नगरेको सम्बन्धमा नेपाल लेखापरीक्षणमान** (Nepal Standards on Auditing) **बमोजिम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आय-व्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने सन्दर्भमा**

लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरू र समस्याहरू न्यूनीकरणका लागि गरिएका प्रयासहरू तल प्रस्तुत गरिएका छन् :

क. आ.ब. २०८०/८१ का प्रमुख लेखा नीतिहरू (Accounting Principles)

१. संस्थाको वित्तीय कारोबारहरुको लेखा सम्भव भएसम्म नेपाल लेखामान र लेखाको सर्वमान्य सिद्धान्त (GAAP) को आधारमा राखिएको छ ।

२. संस्थाको आम्दानी नगद (Cash Basis) तथा खर्चको हिसाब प्रोदभावी (Accrual Basis) आधारमा राखिएको छ । आ.व. २०७९/८० सँग सम्बन्धित खर्चहरूको भुक्तानी आ.व.२०८०/८१ मा भएता पनि आ.व. २०७९/८० मा खर्च व्यवस्था नगरी भुक्तानीको आधारमा खर्च लेखाङ्कन गरिएको छ ।

३. संस्थाले स्थिर सम्पत्तीहरू ऐतिहासिक लागत अवधारणाको आधारमा लेखाङ्कन गरिएको छ । लगानीलाई परल मूल्यको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

४. स्थिर सम्पत्तिहरूमा आयकर ऐनले तोके बमोजिमको दर प्रयोग गरी ह्रास कट्टी गर्ने नीति रहेको छ । स्थिर सम्पत्तिको सुरू मौजदातमा मात्र चालू आ.व.मा ह्रास कट्टी गर्ने र यस आ.व. मा खरिद गरिएका स्थिर सम्पत्तिमा आउने आ.व.मा मात्र ह्रास कट्टी गर्ने गरिएको छ ।

ख. आ.ब. २०७९/८० का लेखा सम्बन्धी टिप्पणी तथा सुझावहरू

१. संस्था कर छुट प्राप्त संस्था भएकाले आयकरको व्यवस्था गरिएको छैन । क्याम्पसले स्थायी लेखा नम्बर (PAN) तथा कर छुट प्रमाणपत्र लिइसकेको छ ।

२. क्याम्पसको आर्थिक प्रशासनलाई अद्यावधिक बनाउन क्याम्पसको आर्थिक नियमावलीलाई संशोधन गरी अद्यावधिक गर्नुपर्ने आवश्यक देखिन्छ ।

३. सम्पत्ति सामान जिन्सी खातामा आम्दानी गर्दा भ्याट सहितको परल मूल्य उल्लेख गरी आम्दानी बाध्नुपर्नेमा सो अनुसार मूल्य नराखी भ्याटबाहेकको मूल्य उल्लेख गरी आम्दानी बाधेकोमा भ्याट सहितको परल मूल्य उल्लेख गरी जिन्सी खातामा आम्दानी देखाउनु पर्ने हुन्छ । कैलाली बहुमुखी क्याम्पसको आर्थिक प्रशासन नियमावली, २०५९ अनुसार प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक क्याम्पसमा खरिद भएका जिन्सी मालसामानको रेकर्ड र मालसामानको स्थितिबारे जाँच गर्नु पर्दछ ।

४. संस्थाले कर्मचारी बिदाको १२० दिन संचित राखी बाँकी दिनको भुक्तानीलाई सो आर्थिक वर्षमा खर्च लेख्ने गरेको छ ।

५. अघिल्लो आर्थिक वर्षको रकमलाई आवश्यकता अनुसार पुर्नःसंरचना तथा पुर्नःवर्गीकरण गरिएको छ ।

**ग. लेखा सम्बन्धी टिप्पणी तथा सुझावहरू न्यूनीकरणका प्रयासहरू**

१. स्थिर सम्पत्ति खरिदको लागि प्राप्त अनुदान आयको लेखाङ्कन सोही अनुदान आयलाई कूल स्थिर सम्पत्तिको लागतबाट घटाई खूद रकमलाई मात्र स्थिर सम्पत्तिको लागतमा पुँजीकरण गरिनेछ । साथै कुनै आ.व. मा खरिद गरिएको स्थिर सम्पत्ती सो आ.व.मा पूर्ण अथवा आंशिक रूपमा प्रयोग भएमा सो अवधिको पनि ह्रास कट्टी गर्न थालिएको छ ।

२. बिगतमा संस्थाद्वारा अवकाश भुक्तानीको लागि कुनै पनि कोषको स्थापना तथा सञ्चालन नगरिएको र संस्थाको वासलातमा सो प्रयोजनको लागि 'पेन्सन तथा औषधोपचार कोष' नदेखिएकाले गत वर्षदेखि नेपाल सरकारद्वारा स्वीकृति प्राप्त अवकाश कोष स्थापना गरिएको छ ।

३. लामो समयसम्म फछ्र्यौट नभएका पेश्की रकम फछ्र्यौट गरिएको छ ।

४. क्याम्पसको आर्थिक प्रशासन नियमावली परिमार्जन गरी यसै आ.व. देखि लागु गरिने छ ।

५. संस्थाको स्वामित्वमा रहेको जग्गालाई मान्यता प्राप्त इन्जिनियरबाट पुर्नमूल्याङ्कन गराई मूल्यमा आएको बढोत्तरीलाई संस्थाको 'पुजीकोष' अर्न्तगत 'जग्गा पुर्नमूल्याङ्कन कोष'मा जम्मा गरने छ ।

६. अतिरिक्त भत्ताको रकम ठूलो हुनुले कर्मचारीले बहन गरिरहेको अतिरिक्त कक्षाको भार पनि अत्यन्तै धेरै छ भन्ने बुझिन्छ । यस स्थितिबाट सृजना हुने अतिरिक्त कक्षाको भारले कर्मचारीको अध्यापन क्षमता तथा गुणस्तरमा पनि प्रश्न उठाउँछ । त्यसकारण यसै आ.व. देखि पूर्णकालीन शिक्षकको दरबन्दी सृजना गरी पदपूर्ति गरिने छ ।

## ५. सामाजिक प्रगति (Social Progress)

कैलाली बहुमुखी क्याम्पस नेपाल सरकारबाट सञ्चालित क्याम्पस भएकोले क्याम्पसको प्रगतिको मुख्य पक्ष भनेको सामुदायमा रहेको सम्पूर्ण व्यक्तिहरूको सम्बन्धसंग जोडिएर रहेको हुन्छ । क्याम्पसमा सामाजिक सङ्लग्नता अभिवृद्धिका लागि निम्न गतिविधिहरू गरिदै आएका छन् :

- समाजमा उल्लेखनीय योगदान पुर्‍याउने नागरिक समाज, उद्योगी, व्यवसायी, कानून व्यवसायी, समाजसेवी र राजनीतिक दलका

प्रतिनिधिहरू सबैको कैलाली बहुमुखी क्याम्पसको बृद्धि विकासमा उल्लेखनिय रुपमा समान पहुच हुने,

- उद्योगी व्यवसायी तथा समाजसेवीबाट क्याम्पसको भौतिक पूर्वाधारको लागि आर्थिक स्रोत जुटाउन आग्रह गर्ने,
- स्थानीय निकाय तथा सरकारी र गैरसरकारी संस्थाहरूबीच सहकार्य गर्ने,
- स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्षलाई क्याम्पसको विभिन्न समितिमा पदेन सहभागी गराउने,
- सामुदायिक गतिविधिहरूमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरूको सहभागिता रहने,
- कैलाली बहुमुखी क्याम्पसका भूतपूर्व विद्यार्थीहरूलाई संगठित गरी क्याम्पसको समग्र विकासमा सहभागी गराउने ।

कैलाली बहुमुखी क्याम्पसको असल सामाजिक सम्बन्धको कारणले विगतका वर्षहरूमा खानेपानी व्यवस्थापनको लागि स्थानीय उद्योगपतिबाट करिव रू.१५ लाख सहयोग प्राप्त भएको थियो । त्यसैगरी सांसद विकास कोषबाट एफ.एम.रेडियो स्थापनार्थ रू.१० लाख र बहुउद्देश्यीय परीक्षा तथा सभा हल निर्माणको लागि १ करोड, सामाजिक विकास मन्त्रालयको सहयोगमा रु. ५ करोड रकम बराबरको विज्ञान तथा प्रविधि भवन-बी र रु. ८ करोड रकम बराबरको विज्ञान तथा प्रविधि भवन-बी आर्थिक सहयोग प्राप्त भएको थियो । विभिन्न व्यक्तिहरू र निकायहरूबाट आगामी आर्थिक वर्षहरूमा पनि यस किसिमको सहयोग प्रदान गर्ने प्रतिवद्धता प्राप्त भएको छ । आगामी वर्षहरूमा सामाजिक सम्बन्धलाई अझैं विस्तार गर्न तपसिल बमोजिमका क्रियाकलापहरू गर्ने क्याम्पसको योजना रहेको छ :

- क्याम्पसमा समुदाय सङ्लग्न तथा सेवा केन्द्र स्थापना गर्ने ,
- सामाजिक सङ्लग्नताका क्षेत्रहरू पहिचान गरी साझेदारीमा वृद्धि गर्न सम्भाव्यता अध्ययन गरिने,
- सामाजिक गतिविधिहरूमा मद्दत पुग्ने 'आउट रिच' कार्यक्रमहरू सञ्चालन गर्ने,
- प्राध्यापक तथा विद्यार्थीहरूको स्वयमसेवी कार्यक्रम सञ्चालन गर्ने,
- छात्रवृत्ति तथा पदकका लागि व्यक्ति तथा संस्थाहरूसंग समन्वय गर्ने,
- क्याम्पसको विकासको लागि पूर्व विद्यार्थी संगठनलाई सक्रियता प्रदान गर्ने ।

## ६. समस्या तथा चुनौतीहरू (Issues and Challenges)

### ६.१ समस्या तथा चुनौतीहरू (Issues and Challenges)

कैलाली बहुमुखी क्याम्पस देशकै अग्रणी शैक्षिक संस्थाको रूपमा विकसित भइरहेको भएता पनि यसका केही विद्यमान समस्या तथा चुनौतीहरू निम्नानुसार छन् :

- भौतिक पूर्वाधार तथा उपकरणहरूको अपर्याप्तताः विद्यार्थीहरूको बढ्दो चाप र माग अनुसार कक्षाहरू सञ्चालन गर्नका लागि उपलब्ध पूर्वाधार तथा उपकरणहरू अपर्याप्त छन् । कक्षाकोठा, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, ओभरहेड प्रोजेक्टर, स्मार्ट बोर्ड जस्ता उपकरणहरू कम पर्न गएको महसुस हुन्छ ।
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्याः यस क्याम्पसले विदेशका कलेज वा विश्वविद्यालयसँग भगिनी सम्बन्ध कायम गर्न र विद्यार्थी तथा प्राध्यापकको आदानप्रदान मार्फत् आफ्ना प्राज्ञिक गतिविधिहरू विकसित गर्न कठिनाई भइरहेको छ ।
- अन्तर्राष्ट्रिय स्तरको अध्ययन तथा अवलोकनको अभावः प्राध्यापकहरू व्यस्त रहनुपर्ने हुँदा र कलेजको समय तालिका तथा खर्च व्यवस्थापनका कारणले अन्तर्राष्ट्रिय स्तरका अध्ययन, अवलोकनको कमी भएको छ ।
- उच्च शिक्षक विद्यार्थी अनुपातः सुदूरपश्चिाञ्चल विकास क्षेत्रका प्रायः सबै जिल्लाबाट विद्यार्थीहरूको ठूलो चाप भएका कारण सीमित प्राध्यापक तथा भौतिक पूर्वाधारहरूले उक्त चापलाई धान्नु परेको छ ।
- विद्यार्थी उत्तीर्ण दरमा उल्लेख्य सुधार हुन नसकेको : विभिन्न कारणले हरेक वर्ष अनुत्तीर्ण हुने विद्यार्थीहरूको संख्या न्यून गर्न कठिनाई भइरहेको छ ।

### ६.२ समस्या तथा चुनौतीहरू न्यूनीकरणका उपायहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

कैलाली बहुमुखी क्याम्पसको आगामी आर्थिक वर्ष २०८१/८२ का लागि निम्नानुसारका नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएका छन् :

१. रणनीतिक विकास योजना तर्जुमा

कैलाली बहुमुखी क्याम्पसको ५ बर्षे रणनीतिक विकास योजनाको अवधि समाप्त हुनलागेकोले उक्त योजनाको समीक्षा गर्ने र आगामी ५ वर्षका लागि रणनीतिक विकास योजना (सन २०२१-२०२६) तर्जुमा गरिएको छ ।

२. हाल कैलाली बहुमुखी क्याम्पस सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस भएकोले सुदूरपश्चिम विश्वविद्यालयको ऐन, नियम, विनियम र कार्यविधिमा व्यवस्था भए अनुसार सञ्चालन हुने छ ।

३. पूर्वाधार विकास

क. विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन कोष तथा क्याम्पसको आन्तरिक स्रोतबाट पुस्तकालय तथा प्रशासनिक भवन माथि पहिलो र दोश्रो तला थप गर्ने कार्य सम्पन्न भइ सकेको छ। प्रशासनिक, परीक्षा र पुस्कालय सेवालाई प्रभावकारी बनाउन उक्त भवनको लागि आवश्यक पर्ने फर्निचरहरू खरिद तथा उपकरणहरू जडान गर्ने कार्य सम्पन्न गरिने छ।

ख. छात्रवास भवनलाई मर्मत गरी प्रयोगमा ल्याइने छ।

ग. क्याम्पसका पुराना सबै ब्लकहरूको रंगरोगन तथा टायल/मार्वल लगाउने कार्य गरिने छ।

घ. स्ववियु भवन माथि तला थपी Guest Room बनाउनुका साथै छात्रवास भवन मर्मत गरिने छ।

ङ. कक्षा कोठाका लागि नयाँ फर्निचरहरू खरिद गर्ने कार्यलाई निरन्तरता दिइने छ।

४. प्रयोगशाला, सूचना प्रविधि तथा शैक्षिक उपकरण व्यवस्थापन

क. विश्वविद्यालय अनुदान आयोगबाट विज्ञान/कम्प्युटर प्रयोगशाला व्यवस्थापनका लागि विश्वविद्यालयसँग अनुमति लिई विज्ञान/कम्प्युटर प्रयोगशाला विस्तारका लागि आवश्यक उपकरणहरू, सामग्री र फर्निचर खरिद गरिने छन्।

ख. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान भएकोले सोको उचित प्रयोग गर्ने निर्णय गरिएको छ।

ग. मल्टिमिडिया प्रोजेक्टर र सीसी क्यामरा जडान नभएका कक्षा कोठाहरूमा स्मार्टबोर्ड र सीसी क्यामरा जडान गरिने छ।

५. पुस्तकालय सुधार

क. विभिन्न तहका लागि थप पाठयपुस्तक र सर्न्दभ सामग्रीहरू खरिद गरिने छन्।

ख. इ- लाइब्रेरीको क्षमता बिस्तार गरिने छ।

ग. पुस्कालयको कार्यलाई पूर्णरूपमा स्वचालित बनाइने छ।

६. कार्यक्रम बिस्तार तथा संस्थागत क्षमता विकास

क. सुदूरपश्चिम विश्वविद्यालयको प्राज्ञिक स्वायत्तता सम्बन्धी प्रावधानअनुसार नयाँ विभिन्न सङ्काय तर्फका शैक्षिक कार्यक्रमहरूको पाठ्यक्रम तर्जुमा गरी प्राज्ञिक स्वायत्तताअनुसार कार्यक्रम सञ्चालन गरिने छन।

ख. समय अनुकूलको प्राविधिक शिक्षाको मागलाई मध्यनजर गर्दै यस क्याम्पसले चालु आर्थिक वर्षदेखि स्नातक तहमा होटेल व्यवस्थापन, वन विज्ञान, इन्जिनियरिङ र कम्प्युटर सूचना प्रणालीमा स्नातक तहका कार्यक्रमहरू सञ्चालन गर्नको लागि सम्बन्धित निकायमा पहल गरिने छ।

ग. क्याम्पसको बाह्य सम्बन्ध विस्तार गर्नको लागि स्वदेशी/विदेशी अनुसन्धान केन्द्र र विश्वविद्यालयसंग सहकार्य गरिने छ।

घ. शैक्षिक विभागहरूलाई शैक्षिक कार्यतालिका, विभागीय अनुसन्धान तथा प्रकाशन र विद्यार्थीहरूलाई अनुसन्धानमूलक कार्यमा सहभागी गराउनमा विभागीय प्रमुखहरूलाई अभिप्रेरित गरिने छ।

ङ विश्वविद्यालय अनुदान आयोग उच्च शिक्षा सुधार परियोजना अन्तर्गत प्राध्यापकहरूको स्तरोन्नतिका लागि विभिन्न अनुसन्धानात्मक क्रियाकलापलाई निरन्तरता दिइने छ।

च. प्राध्यापकहरूको शैक्षिक योग्यता र क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूको पठनपाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार प्राध्यापकहरूलाई एम.फिल., पि.एच.डी. र अन्य अनुसन्धानमूलक कार्य गर्न सहयोग गरिने छ।

छ. विद्यार्थीहरूको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्नको लागि पठनपाठनको कार्यलाई समयमै सम्पन्न गर्न लगाउने र आन्तरिक परीक्षाहरु व्यवस्थित र निरन्तर रुपमा सञ्चालन गरी पठनपाठन पुरा नभएमा सार्वजनिक विदा तथा शनिबार समेत अतिरिक्त समयमा कक्षा सञ्चालन गरी सो समस्या समाधान गर्ने र साथै अति कमजोर विद्यार्थीहरूका लागि विशेष समयमा कक्षा सञ्चालन गरी पठनपाठनको कार्यलाई निरन्तरता दिइने छ।

७. विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप

क. विद्यार्थीहरूको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्न प्रत्येक सङ्कायका विभागीय प्रमुख र विद्यार्थीहरूसँग समयसमयमा छलफल तथा परामर्श गरी आवश्यकता अनुसार पठनपाठन कार्यलाई व्यवस्थित गरिने छ।

ख. यस क्याम्पसमा अध्ययनरत गरीव तथा जेहेन्दार विद्यार्थीहरूलाई बढी भन्दा बढी छात्रवृतिमा सहभागी गराउन छात्रवृति छनोट प्रकृयालाई व्यवस्थित गरिने छ। साथै विद्यार्थी वित्तीय कोष लगायत अन्य निकायहरूले प्रदान गर्ने छात्रवृत्तिमा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई सहभागी गराइने छ।

ग. रोजगारीमूलक एवम् प्रतिस्पर्धात्मक परीक्षाहरूमा विद्यार्थीहरूलाई सहभागी गराउन अभिमूखीकरण तथा परामर्शसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छन् । यस कार्यका लागि पूर्व विद्यार्थी संघको सक्रियता बढाउन पहल गरिने छ ।

घ. शैक्षिक रूपमा पछाडि परेका समुदायका विद्यार्थीहरूको लागि कम्प्युटर, अंग्रेजी, गणित जस्ता अनिवार्य बिषयहरूको अतिरिक्त पठनपाठनको प्रबन्ध गरिने छ । न्यूनतम शुल्कमा क्याम्पसको कम्प्युटर ल्याबको क्षमता अनुसार इच्छुक विद्यार्थीहरूलाई कम्प्युटर प्रशिक्षण प्रदान गर्ने व्यवस्था गरिने छ ।

ङ. सीप विकासको लागि अंग्रेजी भाषा, सूचना प्रविधि र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

८. क्याम्पस समुदाय सम्बन्ध

क. विभिन्न व्यक्ति तथा संस्थाहरूलाई क्याम्पस सञ्चालनमा सहयोग गर्न र क्याम्पसको तर्फबाट प्राध्यापक तथा कर्मचारी र विद्यार्थीहरूलाई सामुदायिक विकास एवम् सचेतना कार्यमा सहभागी गराउन पहल गरिने छ ।

ख. अधिक जनसंख्या र उच्च आर्थिक गतिविधि भएको सुदूरपश्चिमकै महत्त्वपूर्ण कैलाली जिल्लाको सबै भन्दा ठूलो सरकारी स्तरबाट सञ्चालन भएको तथा यस क्षेत्रका विपन्न समुदायका विद्यार्थीहरूलाई न्यूनतम शुल्कमा उच्च शिक्षा प्रदान गर्नमा विगत ४४ वर्षदेखि उल्लेखनीय योगदान निर्वाह गर्दै आएको यस कैलाली बहुमुखी क्याम्पसलाई नयाँ–नयाँ विषयहरूका साथै प्राविधिक विषयहरूको प्राध्यापन गर्नको लागि पहल गरिने छ ।

९. संस्थागत सुशासन

क. प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गत वर्षको आर्थिक र प्राज्ञिक गतिविधिहरू समावेश गरी आर्थिक प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने कार्य गरिने छ । क्याम्पसको आर्थिक प्रतिवेदनलाई क्याम्पसको वेबसाइटमा राखिने छ ।

ख. यस वर्षदेखि प्रत्येक आर्थिक वर्ष क्याम्पसको शैक्षिक परीक्षण (एकाडेमिक अडिट) गर्ने कार्य प्ररम्भ गरिने छ ।

१०. आन्तरिक गुणस्तर सुनिश्चितता समिति

विश्वविद्यालय अनुदान आयोगको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली समेतलाई मध्येनजरमा राखी कैलाली बहुमुखी क्याम्पसका शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक र प्रशासकीय गतिविधिहरूको गुणस्तर अभिबृद्धिका लागि क्याम्पसमा आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यहरू गर्न आन्तरिक गुणस्तर सुनिश्चितता समितिको गठन गरी उक्त समितिको सचिवालयको व्यवस्थापन गरिने छ ।

## ६.४ वार्षिक कार्ययोजना तथा बजेट (Annual Work Plan and Budget)

सुदूरपश्चिमकै अग्रणी सामुदायिक शैक्षिक संस्थाको रूपमा स्थापित यस सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस कैलाली बहुमुखी क्याम्पसले शैक्षिक उन्नयनमा विविध चुनौतीहरू पार गर्दै आफ्नो स्थापनाको ४४ औं वर्षमा प्रवेश गरेको छ । वर्तमान अवस्थाको माग नै रोजगारमूलक शिक्षा भएकोले अब उप्रान्त प्राविधिक शिक्षामा जोड दिन आवश्यक देखिन्छ । साथै गुणस्तर सुधारको लागि सधैँ सतर्कता अपनाउन पनि जरूरी छ । यसका लागि जनशक्तिलाई समयसमयमा तालिम, सेमिनार, गोष्ठीमा सहभागी गराई दक्ष बनाउन आवश्यक छ । साथै विशेषज्ञ व्यक्तिहरूलाई क्याम्पसमा आमन्त्रण गरी समयानुकूल परिवर्तनको लागि सुझाव तथा सल्लाह लिनुपर्ने हुन्छ । नेपाल सरकारबाट सञ्चालित यस क्याम्पसको गत आर्थिक वर्षको वार्षिक आय–व्ययलाई आधार मानी आर्थिक वर्ष २०८०/८१ को लागि निम्नानुसार वार्षिक बजेटको तर्जुमा गरिएको छ :

सुदूरपश्चिम विश्वविद्यालय

## कैलाली बहुमुखी क्याम्पस

धनगढी, कैलाली

### आ.व. २०८१/०८२ विनियोजित बजेट र यथार्थ खर्च

| बजेट शिर्षक | बजेट शीर्षकहरुको नाम | बार्षिक विनियोजित बजेट | असार मसान्तसम्मको जम्मा खर्च |
|---|---|---|---|
| ०२/००१(क) | तलव शिक्षण | ६५,०००,०००।० | ५८,२९३,००८।०८ |
| ०२/००१(ख) | अतिरिक्त तलव शिक्षण | ४०,०००,०००।० | २९,८५८,३८६।७५ |
| ०२/००२ | तलव प्रशासन | १४,०००,०००।० | १२,७९७,५४०।६२ |
| ०२/००३ | भत्ता (प्राध्यापक तथा कर्मचारी) | ५,०००,०००।० | ४,१६२,२४३।५९ |
| ०२/००४ | संचयकोष अनुदान | ७,९००,०००।० | ४,२३८,३६४।५९ |
| ०२/००५(क) | निबृतिभरण अनुदान | ७,९००,०००।० | ४,१६४,२७१।४९ |
| ०२/००५(ख) | विशेष अवकाश अनुदान (संचित विदा) | | ( |
| ०२/००६ | अतिरिक्त पारिश्रमीक प्रशासन | २,०००,०००।० | २,२९०,५५७।८० |
| ०२/००७(क) | उपदान तथा निबृतिभरण | | ( |
| ०२/००७(ख) | उपदान तथा निबृतिभरण कोष | | ( |
| ०२/००८ | भ्रमण खर्च | ६००,०००।० | ७५०,७४१।०० |
| ०२/००९ | विद्युत/पानी खर्च | १,०००,०००।० | ८३०,७४८।८७ |
| ०२/०१० | इन्धन | ३००,०००।० | १२८,९६५।०७ |
| ०२/०११ | छपाई तथा मसलन्द खर्च | १,०००,०००।० | १,०४५,०४६।८८ |
| ०२/०१२ | पत्रपत्रिका खर्च | १००,०००।० | ५०,३६५।०० |
| ०२/०१३ | प्रकाशन खर्च | १५०,०००।० | ( |
| ०२/०१४ | परीक्षा संन्चालन खर्च | १,५००,०००।० | ९६५,३९८।०० |
| ०२/०१५ | विज्ञापन तथा प्रचारप्रसार खर्च | ५००,०००।० | ७८२,२०३।०० |
| ०२/०१६ | मरमत सम्भार खर्च | १,५००,०००।० | १,४९९,१५७।६७ |
| ०२/०१७ | सवारी साधन खर्च | १००,०००।० | ( |
| ०२/०१८ | कानुनी खर्च | १००,०००।० | २०२,०४९।०० |
| ०२/०१९ | सेवा शुल्क खर्च | २००,०००।० | १४६,२०९।०० |
| ०२/०२० | लेखा परीक्षण खर्च आन्तरिक/अन्तिम | | ( |
| ०२/०२१ | वीमा खर्च | | ( |
| ०२/०२२ | उत्सव समारोह खर्च | ६००,०००।० | ४५,८०५।०० |
| ०२/०२३ | अतिथिसत्कार खर्च | ५००,०००।० | ४३८,७७४।९२ |
| ०२/०२४ | बैठक भत्ता तथा खर्च | २५०,०००।० | १६७,०००।०० |
| ०२/०२५ | अध्ययन तथा अनुसन्धान खर्च | ७,९३५,०००।० | २,६८१,१२३।५९ |
| ०२/०२६ | ईनाम तथा पुरस्कार खर्च | १५०,०००।० | ( |
| ०२/०२७ | तालिम सेमिनार तथा गोष्ठी | ६५०,०००।० | १,९९४,३३६।०० |
| ०२/०२८ | कृषिसम्बन्धी खर्च | १००,०००।० | ८,४००।०० |
| ०२/०२९ | विद्यार्थी कल्याण/शैक्षिक भ्रमण खर्च | ५,०००,०००।० | ५,६२६,५४७।४९ |
| ०२/०३० | शैक्षिक सामाग्री खर्च | १,१००,०००।० | १,१३१,६८९।१४ |
| ०२/०३१ | छात्रवृत्ति खर्च | ९००,०००।० | ३२४,०९७।०० |
| ०२/०३२ | पाठयकम निर्माण तथा परिमार्जन खर्च | | ( |
| ०२/०३३ | घरभाडा खर्च | | ( |
| ०२/०३४ | कार्यालय विविध खर्च | ६००,०००।० | ५७२,२१७।४३ |
| ०२/०३५ | इन्क्युवेसनको खर्च | | ( |
| ०१/००१ | जग्गा खरिद | | ( |
| ०१/००२ | भवन निर्माण (गेट) | १५,०००,०००।० | ( |
| ०१/००३ | सवारी साधन खर्च | ७,०००,०००।० | |
| ०१/००४ | फर्निचर तथा फिक्चर | २,२००,०००।० | १,३३७,५००।५० |
| ०१/००५ | पाठयपुस्तक तथा ई-लाईब्रेरी | १,८५०,०००।० | १,२६७,५०६।६० |
| ०१/००६ | मेशिनरी औजार | ८००,०००।० | १,१९२,७२१।४० |
| ०१/००७ | वैज्ञानिक तथा शैक्षिक उपकरण | २,५००,०००।० | २,२८४,११८।४३ |
| ०१/००८ | सफ्टवेयर निर्माण खर्च | ५००,०००।० | ३८५,४६०।०० |
| ०१/००९ | अन्य निर्माण | २,५००,०००।० | २०९,६३२।०० |
| ०१/०१० | विविध स्थिर सम्पत्ति | ७००,०००।० | २८,६५६।०० |
| जम्मा | | १९९६८५०००।०० | १४१९००८४१।९१ |

# Appendix 1

## Enrolment of Students (Programme / Level Wise) Disaggregated by Female and Educationally Disadvantaged Students, 2020/21-2024/25

### Year 2020/21 AD

**A. Annual Programme**

| Programme Name | 1st Year | | | | | | | | | 2nd Year | | | | | | | | | 3rd Year | | | | | | | | | 4th year | | | | | | | | | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Others | | EDJ | | Dalit | | Madhesi | | Total | Others | | EDJ | | Dalit | | Madhesi | | Total | Others | | EDJ | | Dalit | | Madhesi | | Total | Others | | EDJ | | Dalit | | Madhesi | | |
| | | M | F | M | F | M | F | M | F | | M | F | M | F | M | F | M | F | | M | F | M | F | M | F | M | F | | M | F | M | F | M | F | M | F | |
| BBS | | | | | | | | | | 805 | 278 | 285 | 92 | 104 | 30 | 13 | 2 | 1 | 589 | 190 | 229 | 65 | 82 | 14 | 6 | 2 | 1 | 540 | 176 | 200 | 64 | 80 | 11 | 4 | 3 | 2 | 1934 |
| BA | | | | | | | | | | 483 | 101 | 170 | 34 | 138 | 14 | 26 | | | 408 | 116 | 140 | 44 | 88 | 8 | 12 | | | | | | | | | | | | 891 |
| B.Ed. | | | | | | | | | | 342 | 143 | 155 | 7 | 36 | 6 | 4 | | | 186 | 70 | 74 | 8 | 29 | 2 | 2 | | 1 | 168 | 42 | 69 | 7 | 36 | 7 | 7 | | | 696 |
| B.Sc. | | | | | | | | | | 47 | 25 | 13 | 3 | 4 | 1 | 1 | | | 40 | 28 | 5 | 3 | 1 | 2 | 1 | - | - | 64 | 30 | 16 | 10 | 5 | 2 | | | 1 | 151 |
| 1 B.Ed. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **Total** | | | | | | | | | | **1677** | **439** | **523** | **136** | **282** | **51** | **44** | **2** | **1** | **1223** | **404** | **449** | **120** | **200** | **26** | **21** | **2** | **2** | **772** | **248** | **285** | **81** | **121** | **20** | **11** | **3** | **3** | **3672** |

**B. Semester Programme**

| Programme | BBA | | | | | BBS | | | | | BA/BSW | | | | | B.Ed./B.Ed.-CSIT | | | | | B.Sc. | | | | | B.Sc.-CSIT | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Semester** | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | |
| 1st Sem. | **84** | 41 | 14 | 3 | | **625** | 307 | 266 | 21 | | **662** | 488 | 241 | 46 | | **334** | 265 | 95 | 25 | | **41** | 9 | 17 | | | **47** | 9 | 1 | | | 1793 |
| 3rd Sem. | **34** | 17 | 2 | | 3 | | | | | | | | | | | | | | | | | | | | | | | | | | 34 |
| 5th Sem. | **18** | 12 | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | 18 |
| **Total** | **136** | 70 | 16 | 3 | 3 | **625** | **307** | **266** | **21** | | **662** | **488** | **241** | **46** | | **334** | **265** | **95** | **25** | | **41** | **9** | **17** | | | **47** | **9** | **1** | | | **1845** |

**C. Semester Programme**

| Programme | BBM | | | | | BALLB | | | | | MBA | | | | | MBS | | | | | M.Ed. | | | | | MA | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Semester** | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | Total | Girls | EDJ | Dalits | Madhesi | |
| 1st Sem. | | | | | | **44** | 16 | 4 | 2 | 2 | **3** | 2 | | | | **163** | 105 | 22 | 3 | 1 | **50** | 34 | 10 | 4 | | **60** | 34 | 11 | 1 | | **320** |
| 3rd Sem. | **78** | 49 | 17 | - | 1 | | | | | | **7** | 5 | 2 | | 3 | **90** | 56 | 12 | | 2 | **64** | 49 | 17 | 1 | | **129** | 80 | 36 | 4 | 1 | **368** |
| 5th Sem. | **61** | 20 | 10 | 1 | 1 | | | | | | | | | | | | | | | | | | | | | | | | | | **61** |
| 7th Sem. | **58** | 28 | 10 | 1 | 2 | | | | | | | | | | | | | | | | | | | | | | | | | | **58** |
| Total | **197** | 97 | 37 | 2 | 4 | 44 | 16 | 4 | 2 | 2 | **10** | 7 | 2 | | 3 | **253** | 161 | 34 | 3 | 3 | **114** | 83 | 27 | 5 | | **189** | 114 | 47 | 5 | 1 | **807** |
| **Grand Total** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | **6324** |

### Year 2021/22 AD

**A. Annual Programme**

| Programme Name | 1st Year | | | | | | | | | 2nd Year | | | | | | | | | 3rd Year | | | | | | | | | 4th year | | | | | | | | | Grand Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total | Others | | EDJ | | Dalit | | Madhesi | | Total | Others | | EDJ | | Dalit | | Madhesi | | Total | Others | | EDJ | | Dalit | | Madhesi | | Total | Others | | EDJ | | Dalit | | Madhesi | | |
